# अनेरास्ववियु ज्ञानमाला

**प्रकाशक :**

**अनेरास्ववियु केन्द्रीय कमिटी**

अनेरास्ववियु बागबजार, काठमाडौं

www.annfsu.org.np, annfsu@gmail.com

फोन नं. : ०१-४२५६०५२

# अनेरास्ववियु ज्ञानमाला

**अनेरास्ववियुको पूरा नाम : अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन** हो । अङ्ग्रेजीमा **ALL NEPAL NATIONAL FREE STUDENT'S UNION –ANNFSU** लेखिन्छ ।

**अनेरास्ववियुको मुख्य नारा:** "देशभरिका सम्पूर्ण प्रगतिशील, जनवादी तथा देशभक्त विद्यार्थीहरु एकजुट होऔं"

**अनेरास्ववियुको स्थापना:** वि. सं. २०२२ जेष्ठ १ गते,

**पहिलो संयोजक -** शान्ति निकुञ्ज स्कूल, कक्षा ९मा अध्ययनरत सुजन खरेल ।

**झण्डा :** रातो पृष्ठभूमिमा बाँयापट्टि माथिल्लो कोणमा पाँचकुने सेतो तारा र त्यसपट्टि बिर्को खोली फर्किएको र ३० डिग्रीको कोणमा झुकेको सेतो कलम, लम्बाइ र चौडाइको अनुपात ३:२ भएको समकोणीय चर्तुभुज आकारको हुन्छ ।

**अनेरास्ववियु नेपालको शैक्षिक आन्दोलनको नेता, लोकतान्त्रिक गणतन्त्रको योद्धा, राष्ट्रियताको पहरेदार, सामाजिक न्याय र परिवर्तनको संवाहक र रचनात्मक कृयाशिलतामा श्रेष्ठविद्यार्थी संगठन हो ।**

## संगठन केलाई भनिन्छ ?

दुई वा सो भन्दा बढी व्यक्तिहरूले एउटै उद्देश्य र लक्ष्य प्राप्त गर्नका लागि निश्चित विधि र विधानको आधारमा चल्ने प्रतिबद्धता सहित निर्माण गरिएको सामुहिक संरचनालाई संगठन भनिन्छ ।

## विद्यार्थीलाई संगठनको आवश्यकता किन पर्छ ?

भनिन्छ, संगठन नै बल हो । हाम्रो देशको शिक्षा क्षेत्र दिनदिनै विकृति र विसंगतिले ग्रस्त बन्दै गइरहेको छ । स्वभाविक हिसाबले शैक्षिक संस्थाहरु र विद्यार्थीहरुबीच विभिन्न खाले समस्याहरु देखापर्दछन् । ती विकृति, विसंगति र समस्याहरुको विरुद्ध एउटा विद्यार्थीले मात्र संघर्ष गरेर समाधान गर्न सम्भव छैन । त्यसैले समाजमा देखा परेका र शिक्षाक्षेत्रका तमामखालका विकृति र विसंगतिहरुको अन्त्य गर्दै शिक्षालयमा स्वच्छ र प्राज्ञिक वातावरण निर्माण गर्नको लागि सरोकारवाला पक्षलाई दबाब सिर्जना गर्नको लागि विद्यार्थीलाई संगठनको आवश्यकता पर्दछ । संगठन भनेको व्यक्तिहरुलाई सामाजिकीकरणको प्रक्रियामा सामेल गराउने एउटा माध्यम पनि हो । संगठन मार्फत मानिसहरुले विभिन्न

कुराहरु सिक्ने अवसर प्राप्त गर्दछ । संगठनमार्फत विद्यार्थीहरुले विभिन्न रचनात्मक तथा सामाजिक/ राजनीतिक गतिविधिमा संलग्न हुने अवसर समेत प्राप्त गर्दछन् ।

## नेपालमा विद्यार्थी संगठनको स्थापना सबभन्दा पहिले कहिले भएको थियो ?

नेपालमा वि. सं. २००४ जेठ १५ गते जयतु संस्कृतम् आन्दोलनबाट विद्यार्थी आन्दोलनको सुरुवात भएको पाईन्छ । जसको मुख्य माग भनेको नेपालमा संस्कृत शिक्षामा सुधार गरी राजनीतिशास्त्र, इतिहास, भूगोल, अर्थशास्त्र जस्ता बिषयको पढाइको व्यवस्था हुनुपर्ने थियो । जुन आन्दोलनले 'नेपाल छात्र संघ'लाई जन्म दियो तर त्यो व्यवस्थित संगठन थिएन । त्यसपछि, सबैकालागि समान अधिकार भन्ने नारासहित शिक्षाको अधिकार लिन विद्यार्थीहरूले संगठित संस्थाको महसुस गरी २००७ साल असार १७ गते नेपालको पहिलो विद्यार्थी संगठन अखिल नेपाल विद्यार्थी फेडेरेसन स्थापना भएको हो ।

## अनेरास्ववियुका उद्देश्य तथा कार्यक्रमहरू के के हुन् ?

- विद्यार्थी समुदायको हक, हित, अधिकार तथा प्रतिष्ठा प्राप्ती, संरक्षण एवं सर्म्वद्धनको निम्ति निरन्तर संघर्षरत रहने ।
- राज्यको सम्पूर्ण लगानीमा स्वच्छ शैक्षिक वातावरण, पर्याप्त भौतिक पूर्वाधार, दक्ष शिक्षक-शिक्षिका, गुणस्तरीय पाठ्यक्रम, वैज्ञानिक परीक्षा प्रणाली र सबै विद्यार्थीहरुले समानताको महसुस गर्न सक्ने मनोवैज्ञानिक वातावरणले मात्र शिक्षाक्षेत्र शान्तिक्षेत्र बन्न सक्दछ र बनाउनुपर्दछ भन्ने कुरालाई आत्मसाथ गर्दै, विद्यार्थीहरुको बौद्धीक, शारिरिक नैतिक एवं आत्मविश्वासको उत्थान र विकासको लागि निरन्तर क्रियाशील रहने ।
- वर्तमान राष्ट्रिय आवश्यकता पूरा गर्न विद्यालय तथा उच्च शिक्षाको विद्यमान पाठ्यक्रममा सामयिक परिवर्तन गरी गुणस्तरीय र जनमुखी शिक्षा प्रणाली स्थापनाका लागी आन्दोलित रहदै श्रम र प्राकृतिक श्रोत साधनलाई उत्पादनसँग जोड्न विषयगत, प्राविधिक, खुल्ला तथा प्रादेशिक

विश्वविद्यालय स्थापनाका लागि क्रियाशिल रहने । सीपलाई उत्पादनसँग र ज्ञानलाई व्यवहारसँग जोड्दै वैज्ञानिक र जनवादी शिक्षाप्रणाली स्थापना गर्न अविराम संघर्षरत रहने ।

- माध्यमिक तहसम्म शिक्षा अनिवार्य, निःशुल्क र सबैका लागि उच्च शिक्षा सर्बसुलभ गराउन "सबैका लागि शिक्षा" को नीतिलाई मौलिक अधिकार को रुपमा रहेको सवैधानिक व्यवस्थालाई कार्यन्वयनका लागि जोड दिने । विद्यमान नवऔपनिवेशिक शिक्षाप्रणालीको विरोध गर्ने । बालबालिकालाई पौष्टिक आहारको व्यवस्थासहित प्राथमिक शिक्षालाई चेतनामूलक, माध्यमिक शिक्षालाई व्यवसायमुखी र उच्च शिक्षालाई खोज तथा अनुसन्धानमूलक बनाउन संघर्षरत रहने ।
- देशको शिक्षालाई निजीकरण तथा व्यापारीकरण गर्ने तथा सरकारी शिक्षण संस्थामा पनि लागत पुरण नीति (Cost Recovery Policy) लागू गर्ने लगायतका सबैखाले गलत नीतिविरुद्ध विद्यार्थीहरुलाई गोलबद्ध गर्दै शिक्षा मुनाफा कमाउने व्यापार होइन, राज्यले नागरिकका लागि

गर्नुपर्ने अनिवार्य दायित्व हो भन्ने दृष्टिकोणका साथ संघर्षरत रहने ।

- देशको राष्ट्रियता, स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको पक्षमा उभिदै असमान, अपमानकारी राष्ट्रघाती सन्धि-सम्झौताहरुको विरुद्ध संघर्षरत रहने । पञ्चशीलको सिद्धान्त अनुरुप समानता र पारस्परिक लाभको आधारमा मैत्रीपूर्ण आपसी सम्बन्धको विकासको पक्षपोषण गर्ने ।
- विद्यमान जातीय, क्षेत्रीय र लैङ्गिक विभेदको विरोध र भन्डाफोर गर्दै विना भेदभाव सबैलाई समान अवसर, प्रतिनिधित्व र पहिचानको सर्न्दभमा गरिएको संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न संघर्ष गर्ने । विभिन्न कारणले पछाडि पारिएका सीमान्तकृत विपन्न समुदायलाई राज्यको मूलप्रवाहमा समाहित गर्न समावेशी लोकतन्त्रको पक्षमा दृढतापूर्वक उभिने ।
- मुलुकमा विद्यमान सामाजिक द्वन्द्वलाई सम्बोधन गर्न र दीगो शान्ति स्थापना तथा स्रोत साधन लगायतका पक्षलाई समेत समेट्ने गरी संघीय

संरचनाको आधार तयार गर्न व्यापक जनमत निर्माण गर्ने । धर्मनिरपेक्ष राज्यको पक्षमा उभिदै धार्मिक सहिष्णुता र सामाजिक सद्भाव कायम गरी राष्ट्रिय एकतालाई सुदृढ गर्न क्रियाशील रहने ।

- विद्यमान आर्थिक-सामाजिक संरचनामा रहेका दलाल, नोकरशाही, पूँजीवाद, विस्तारवाद तथा साम्राज्यवादको शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचार र सास्कृतिक क्षेत्रमा विद्यमान सामन्तवादका अवशेषहरुको समूल अन्त्य गर्न जनताले चलाएका जनसंघर्षहरुलाई समर्थन र सहयोग गर्दै शान्तिपूर्ण र लोकतान्त्रिक बाटोबाट नेपाली समाजको आमूल परिवर्तन गर्ने नेपाली क्रान्तिको मार्गदर्शन सिद्धान्त जनताको बहुदलीय जनवादको पक्षमा विद्यार्थी समुदायलाई सशक्त परिचालन गर्ने ।
- देशमा व्याप्त भ्रष्टाचार, कमिसनखोरी, तस्करी, कालोबजारी, नातावाद, कृपावाद तथा राजनीतिक क्षेत्रमा देखापरेका तमामखाले विकृति, विसंगति, अपराधिकरण, उग्रपन्थी र सर्वसत्तावादी प्रवृतिका

विरुद्ध राजनीतिक तथा सामाजिक जागरणका लागि नेपाली विद्यार्थीहरुलाई सचेत पार्दै गोलबन्द गर्ने र नेपाली जनतासँग हातेमालो गर्ने ।

- सामाजिक परिवर्तनको लागि शैक्षिक जागरणको कार्यदिशालाई अवलम्बन गरी विद्यार्थी समुदायलाई परिचालन गर्ने ।
- प्राप्त लोकतान्त्रिक हक-अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्दै राष्ट्रिय एकतालाई सुदृढ बनाउन, संविधान सभाद्धारा निर्माण गरिएको जनपक्षीय संविधानको कार्यान्वयन गर्ने पक्षमा दृढतापूर्वक उभिने ।
- सबैखाले अतिवादी तत्वबाट हुने उग्रपन्थी तथा आतंककारी क्रियाकलापको विरोध र भन्डाफोर गर्दै अग्रमन र शान्तिको पक्षमा दृढतापूर्वक अगाडी बढ्ने ।
- साम्राज्यवाद, प्रभुत्ववाद, शसस्त्रीकरण र युद्धखोर नीति आदिको भर्त्सना गर्नुका साथै स्वतन्त्रता, भाइचारायुक्त र सहयोगात्मक अन्तराष्ट्रिय सम्बन्ध, निशस्त्रीकरण र विश्व शान्तिको पक्षमा आवाज बुलन्द गर्दै त्यसका लागि संसार भरिका

न्यायप्रेमी जनताले चलाएका आन्दोलनहरुलाई समर्थन र सहयोग गर्ने ।

- राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र र सुदृढ बनाउन राष्ट्रिय उद्यमशील पूँजीको विकास गर्दै जनजीवनलाई समृद्ध बनाउनको निम्ति जोत्नेलाई जमीन दिने, दलाल तथा नोकारशाही पूँजीको विरोध गर्दै राष्ट्रिय उद्योगधन्दाको संरक्षण र विकास गर्ने, व्यापार र अर्थतन्त्रलाई सम्राज्यवादी तथा मुट्ठीभर व्यक्तिहरुको प्रभुत्व, नियन्त्रण र एकाधिकारबाट मुक्त पार्ने जस्ता आर्थिक कार्यक्रमको पक्षमा उभिने ।
- देशका सबै प्रगतिशील, जनवाद तथा देशभक्त विद्यार्थी संगठनहरुसँग कार्यगत एवं सांगठनिक एकता कायम गर्न निरन्तर क्रियाशील रहने साथै व्यापक बाम एकताको पक्षमा आवाज बुलन्द गर्ने ।
- नयाँ संविधानमा मौलिक हकको रुपमा व्यवस्था गरिएका युवा विद्यार्थीका सरोकारका विषयहरु शिक्षा, स्वास्थ्य र रोजगारीलाई राज्यको तर्फबाट कार्यान्वयन गराउन संघर्षरत रहने ।

- सबैखाले प्रतिक्रियावादी, निरंकुश तथा तानाशाही व्यवस्थाका विरुद्ध जननिर्वाचित, लोकतान्त्रिक र जनपक्षीय सरकारको पक्षपोषण गर्ने ।
- सबै जाति, जनजाति तथा भाषा भाषिक विद्यार्थीहरुले प्राथमिक तहसम्म मातृभाषामा अध्ययन गर्न पाउने अधिकारलाई संवैधानिक रुपले ग्यारेन्टी गरेको अवस्थामा शिशु कक्षा देखि नै अंग्रेजी र नेपाली भाषालाई अनिवार्य गर्दै राष्ट्रिय भाषाहरुमा भाषिक अवस्था र सम्बन्धित भाषा भाषिको माग अनुसार उच्च शिक्षा अध्ययनको व्यवस्थालाई कार्यान्वयन गर्न पहल गर्ने ।
- सामाजिक अन्धविश्वास, कुरीति, कुसंस्कार, साम्प्रदायिक विभेद, महिलामाथिको दमन र उत्पीडन तथा छाडा संस्कृतिको विरुद्ध जनतालाई जागृत गर्दै सामाजिक न्याय, समानता, राष्ट्रिय जनवादी कला, साहित्य, संस्कृति विकासको पक्षमा संघर्षरत रहने ।
- विभिन्न मुलुकमा रहेका प्रवासी नेपालीहरुले आफूले पाउनुपर्ने अर्न्तराष्ट्रिय अधिकार र

न्यायकालागि चलाएका संघर्षहरुलाई समर्थन र सहयोग गर्ने ।

- नेपाली मूलका प्रवासी नागरीकहरुसँग जातीय तथा सांस्कृतिक सद्‌भावलाई विकास गर्ने र आपसी सहयोगका लागि कार्यरत रहने ।
- पारस्परिक समानता र सहयोगका आधारमा अन्तराष्ट्रिय क्षेत्रमा प्रगतिशील तथा जनवादी युवा/विद्यार्थी संगठन तथा सामाजिक संघ/संस्थाहरुसँग विभिन्न स्तरमा कुटनितिक, मैत्रिपूर्ण र भाइचारा सम्बन्धको विकास र विस्तार गर्ने ।
- देशभित्र तथा विश्वका कुनैपनि भागमा हुने जातिभेद, रंगभेद, लिंगभेद र छुवाछुत विरुद्ध सञ्चालन गरिने आन्दोलनलाई हार्दिक समर्थन र सहयोग गर्ने । जनचेतना फैलाउन र दबाव सिर्जना गर्न जागरणमुखी अभियान सञ्चालन गर्ने ।
- विद्यार्थीको बौद्धिक, शारीरिक, नैतिक एवं आत्मविश्वासको उत्थान र विकासको लागि निरन्तर क्रियाशिल रहने ।

- निजी र सरकारी शिक्षाका विभेदहरुलाई समाप्त गर्न पाठ्यक्रम, परीक्षा प्रणाली, भौतिक संरचना, शुल्कमा एकरुपता कायम गर्न वैज्ञानिक ढंगबाट शिक्षाभित्रका हरेक खाले असमानतालाई अन्त्य गरी समान, गुणस्तरीय र जनमुखी बनाउन त्रियाशील रहने ।
- शैक्षिक विसंगतिका विरुद्ध संगठनको अगुवाइमा **मिल्न सकिने सबैसंग, मिल्न सकिने सबै विषयमा** भन्ने दृष्टिकोणका साथ कार्यगत एकताका आधारमा शैक्षिक आन्दोलनलाई सञ्चालन गर्न प्रयत्नशील रहने ।
- नेपालका प्रमुख प्राकृतिक सम्पदा कृषि, पर्यटन, जलस्रोत, जडीबुटी केन्द्रित पाठ्यक्रम तय गरी प्राकृतिक स्रोत र साधनको भरपुर उपयोग गर्न दक्ष जनशक्तिको निर्माण गर्न, शिक्षालाई प्रयोगात्मक, व्यवसायिक र रोजगारमुलक बनाउने वैज्ञानिक शिक्षा प्रणालीका निम्ति क्रियाशील रहने ।
- प्राविधिक शिक्षामा राज्यको लगानी बढाई प्राविधिक विश्वविद्यालय मार्फत अर्न्तराष्ट्रिय

बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको निर्माण गरी देशभित्रै उत्पादनका कार्यमा लगाउन उत्प्रेरित गर्ने ।

- नेपाली जनता र विद्यार्थीहरुको बलिदानी संघर्षबाट प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई सबल सक्षम र स्थायित्व प्रदान गर्न जोड गर्ने । शान्त, समृद्ध, प्रविधियुक्त र समुन्नत नेपाल निर्माणका निम्ति क्रियाशील रहने ।
- तराईमा व्याप्त नागरिकता समस्या लगायत मुलुकका अन्य जातिय, भाषिक तथा क्षेत्रगत रुपमा रहेका समस्याहरुको समाधानका निम्ति पहल गर्ने ।
- आत्मनिर्भरता र आर्थिक समृद्धीका लागी उद्यमशिलताको विकास तथा स्वरोजगार वृद्धि गर्न, युवा विद्यार्थीहरुको श्रम र सिपलाई विदेश पलायनबाट रोक्न, उत्पादकत्वको अभिवृद्धी गर्दै स्वतन्त्र र राष्ट्रिय पूँजीको निर्माण गर्न शैक्षिक प्रमाण पत्रका आधारमा शैक्षिक/व्यवसायीक ॠणका लागी संघर्ष गर्ने ।

## अनेरास्ववियुमा किन संगठित हुनुपर्छ ?

माथि ५ नं. बुँदामा उल्लेख गरिएका उद्देश्यहरू पुरा गर्न,संगठित रूपमा आफ्ना हक, अधिकार प्राप्त गर्न तथा देश रजनताको हितका लागि काम गर्न अनेरास्ववियुमा संगठित हुनुपर्छ ।

## अनेरास्ववियुले कुन राजनीतिक सिद्धान्तलाई समर्थन गर्छ ?

अनेरास्ववियुले द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी वैज्ञानिक विचार, त्यसमा आधारित मार्क्सवादी-लेनिनवादी सिद्धान्त र नेपाली क्रान्तीका मौलिक सिद्धान्त जनताको बहुदलीय जनवादलाई समर्थन गर्छ ।

## हाम्रो देशमा अरु विद्यार्थी संगठनहरू छन् कि छैनन् ? छन् भने कुन कुन छन् ?

हाम्रो देशमा ठूला साना गरी करिब एक दर्जनजति विद्यार्थीसंगठनहरू छन् । २०२७ सालमा स्थापना भएको नेपाल विद्यार्थीसंघ (नेविसंघ), अनेरास्ववियु (एकीकृत), अखिल (क्रान्तिकारी), नेपाल क्रान्तिकारी विद्यार्थी संघ ( नेक्राविसंघ) नेपाल विद्यार्थीमञ्च (नेविमञ्च), राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन (राप्रविसं) ,नेपाल

प्रगतिशील विद्यार्थी युनियन (नेप्रवियु), अग्रगामी विद्यार्थी युनियन, मधेशी केन्द्रित दलहरुका विद्यार्थी संगठनहरु र अन्य केही जातीय संगठन अस्तित्वमाछन् । नेविसंघ मूलभूत रूपमा यथास्थितिवादी चरित्रको छ भनेराप्रविसंघ प्रतिक्रियावादी अर्थात् आमूल परिवर्तन विरोधी संगठन हो । अनेरास्ववियुकै नाम भएका एकीकृत, क्रान्तिकारी, नेक्राविसंघ जस्ता संगठनहरू उद्देश्यका हिसाबले प्रगतिशील भए ता पनि आन्दोलनको कार्यदिशा तय गर्ने सन्दर्भमा उग्रवामपन्थी अतिवाद र जडसुत्रवादी चिन्तनबाट माथि उठ्न नसकेका कारण सामाजिक परिवर्तनको अभियानमा अपेक्षाकृत सहयोग पुऱ्याउन सकिरहेका छैनन् । हाम्रो देशमा सामाजिक परिवर्तनको आन्दोलन तथा विद्यार्थी समुदायको हितमा क्रियाशील भएको संगठन भने अनेरास्ववियु मात्रै हो ।

## अनेरास्ववियुको सांगठनीक संरचना र ठूलो विद्यार्थी संगठन :-

हाम्रो देशका विद्यार्थी संगठनहरू मध्ये सबैभन्दा ठूलो विद्यार्थी संगठन अनेरास्ववियु नै हो । ७ वटा प्रादेशिक कमिटी, १२ वटा वि.वि. राष्ट्रिय कमिटी, ७ वटा प्रादेशिक

सम्पर्क कमिटी, यसका ७५ जिल्लामा भूगोलका जिल्ला कमिटी र सो सरहका १२ अन्य कमिटी गरी जम्मा ८७ वटा जिल्ला कमिटी, ६ वटा जातीय सम्पर्क कमिटी, १ हजार भन्दा बढी क्याम्पस कमिटी, दुई वा सो भन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लामा निर्वाचन क्षेत्रीय कमिटी, उच्च माविहरूमा उच्च मावि कमिटी क्रियाशील रहेका छन् । दुई-दुई वर्षमा हुँदै आएको क्याम्पसको स्ववियु निर्वाचनमा अनेरास्ववियु नै सबैभन्दा बढी क्याम्पसहरूमा निर्वाचित हुँदै आएको छ । अनेरास्ववियुको विचार तथा अर्न्तराष्ट्रिय सञ्जाल, ऐतिहासिक विरासत, वर्तमानको विजय तथा क्रियाशीलता र देशव्यापी रूपमा रहेको सांगठनिक संरचनाका कारण नै अनेरास्ववियु यो देशको उत्कृष्ट तथा ठूलो विद्यार्थी संगठन हो भन्ने प्रमाणित हुन्छ ।

**अनेरास्ववियुसँग सम्बन्धित अन्तर्राष्ट्रिय विद्यार्थी संगठनहरू:–**

**१. अनेरास्ववियुको विदेश नीतिका प्रमुख आधार :**

क) विश्वभरीका प्रगतिशील, जनवादी तथा स्वतन्त्रताका पक्षधर विद्यार्थी संगठनहरूसँग सम्बन्ध विस्तार गर्ने ।

ख) जनताका जातीय मुक्ति आन्दोलन, महिला मुक्ति आन्दोलन, राष्ट्रिय मुक्ति आन्दोलन, सम्पूर्ण विभेदहरूको अन्त्यका लागि गरिएका लोकतान्त्रिक तथा प्रगतिशील आन्दोलनलाई समर्थन गर्ने ।

ग) पञ्चशीलमा आधारित, आणविक अस्त्रको होडवाजी विरुद्ध, कुनै पनि देशका मामिलामा आन्तरिक हस्तक्षेपको विरुद्धको नीति, शान्तिपूर्ण आन्दोलनमा विश्वास गर्ने शक्तिहरू बीच सहकार्य गर्ने ।

## २. अनेरास्ववियुको अन्तर्राष्ट्रिय विद्यार्थी संगठन सञ्जाल :

अनेरास्ववियु देशभित्र मात्र होइन अन्तर्राष्ट्रिय क्षेत्रमा पनि सुपरिचित संगठन हो । यसले अन्तर्राष्ट्रिय विद्यार्थी संगठन (ISU) कोसदस्य र एशियाली विद्यार्थी संघ (ASA) त्यसैगरी असंलग्न विद्यार्थी तथा युवा संगठन (NASYO) को संस्थापक सदस्यका रूपमा अनेरास्ववियु रहेको छ । त्यसैगरी WFDY हंगेरीसँग, अभानेस्ववियु भारतसँग, All Burma Student's Union

बर्मासँग, Pastunga Student's Union पाकिस्तानसँग, ASIF (All India Student's Federation) भारतसँग, BSU (Bangladesh Student's Union) बंगलादेशसँग, Latin American Student's and Youth सँग, All Cuban Student's Union. All African Student's Union, Middle East Student's Association, Asia Pacific Indegineous and Youth (APIYN) Network, All Srilankan Student's Union लगायतका संघसंगठनहरूसँग सम्बन्ध रहेको छ ।

**विद्यार्थी शहिदहरूको नाम**

- गंगालाल श्रेष्ठ वि.सं. १९९७ माघ १६ गते
- चिनियाँ काजी वि.सं. २००८ कार्तिक २०
- कामेश्वर/कुमेश्वर मण्डल वि.सं.२०२९ असोज १
- प्रभाकर पौडेल २०३६ बैशाख १५
- इन्द्र वि.सी. २०३६ जेष्ठ १५
- तारापति भट्टराई २०३६ कार्तिक ३
- चोकबहादुर गुरुङ २०३६ बैशाख ५
- लालबहादुर कुमाल २०३६ चैत्र १२

- खिलबहादुर के.सी. २०३६ चैत्त १२
- इन्द्र वस्त्राकार २०३६ (भोजपुर)
- मोहन चौधरी २०३६ (वर्दिया)
- केशरमान राई २०३६ कार्तिक २६
- ठाकुरप्रसाद भण्डारी २०३६ जेठ २०
- फणिन्द्रराज तिमिल्सिना २०३८ मंसिर ९
- शिवप्रसाद पौडेल २०३८ मंसिर २०
- मित्रमणि आचार्य २०४२ बैशाख १८
- गान्धिबहादुर श्रेष्ठ २०४२ जेठ
- हिराबहादुर पुन २०४३ बैशाख २०
- लक्ष्मी पाण्डे २०४४ मंसिर २७
- लालबहादुर बम २०४६ चैत्र २०
- टंक आचार्य २०४६ चैत्त २०
- राम थापा २०४६ फागुन
- निगुर्ण स्थापित २०४६ चैत्र २४
- बुद्धिनाथ खनाल २०४६ चैत्र २४
- भूमिराज सापकोटा २०४७ बैशाख ३०
- बासुदेव मुस्याजु २०४७ पौष ६
- मनोज जोशी २०४८ श्रावण १५
- रुकमान थेवे २०४८ बैशाख ११
- अनिश शाक्य २०४९ (काठमाडौं

- सम्झना दाहाल २०४९ फाल्गुन २२
- देवी सुवेदी २०४९ बैशाख ४
- हरिबाबु पाण्डे २०४९ बैशाख २९
- राजेश बज्राचार्य २०५० (काठमाडौं
- मोहितकृष्ण वैजु २०५० असार १२
- देवीलाल पौडेल २०५९ चैत्त २५

**अनेरास्ववियु सम्बद्ध संगठन तथा सहयोगीसंस्थाहरू कुन कुन हुन् ?**

देश तथा विदेशमा रहेका प्रगतिशील, जनवादी युवातथा विद्यार्थीहरू वास्तवमा सबै नै अनेस्ववियुका मित्र शक्ति हुन् ।अनेरास्ववियु एउटा साझा, स्वतन्त्र र जनवादी विद्यार्थी संगठनभएकोले यसले राष्ट्रियता, प्रजातन्त्र र जनअधिकारका पक्षमा कामगर्दछ । यो सैद्दान्तिक रूपमा नेकपा एमाले सँग आवद्ध छ । यससँगनजिक रहेका सहयोगी संस्थाहरूमा (१) स्वतन्त्र विद्यार्थी युनियन काउन्सील (स्ववियु काउन्सिल), (२) प्राविधिक विद्यार्थी संघ नेपाल (TSAN), (३) अनेरास्ववियु नेपाल संस्कृत विश्वविद्यालय राष्ट्रिय कमिटी, (४) अनेरास्ववियु मधेशी विद्यार्थी केन्द्रिय सम्पर्क कमिटी, (५) अनेरास्ववियु राख्ने

संगठनहरु मुख्य रुपमा मित्र शक्ति हुन् । पूर्वाञ्चल विश्वविद्यालय राष्ट्रिय कमिटी (६) अनेरास्ववियु पोखरा विश्वविद्यालय राष्ट्रिय कमिटी, (७) अनेरास्ववियु काठमाडौं विश्वविद्यालय राष्ट्रिय कमिटी (८)अनेरास्ववियु सिटिइभिटि राष्ट्रिय कमिटी (९) अनेरास्ववियु अपाङ्ग विद्यार्थी केन्द्रीय सम्पर्ककमिटी र (१०) नेपाल उत्पीडित विद्यार्थी केन्द्रिय सम्पर्क कमिटी (११) नेपाल थारु तथा अल्पसंख्यक आदिवासी विद्यार्थी केन्द्रीय सम्पर्क कमिटी१२) अनेरास्ववियु मुस्लिम विद्यार्थी केन्द्रिय सम्पर्क कमिटी १३) अनेरास्ववियु सुदुर पश्चिम विश्वविद्यालय राष्ट्रिय कमिटी १४) अनेरास्ववियु मध्यपश्चिमा विश्वविद्यालय राष्ट्रिय कमिटी १५)अनेरास्ववियु कृषि तथा वन विश्वविद्यालय राष्ट्रिय कमिटी १६) अनेरास्ववियु लुम्बिनी वौद्ध विश्वविद्यालय राष्ट्रिय कमिटी अनेरास्ववियुमा आवद्ध संगठनहरू हुन् ।

## अनेरास्ववियुका मित्र शक्ति तथा प्रधान शत्रु को को हुन् ?

अनेरास्ववियुका उद्देश्य तथा लक्ष्यमा समिप्यता राख्ने संगठनहरु मुख्य रुपमा मित्र शक्ति हुन् । विचार,

दृष्टिकोण र शैद्धान्तिक मतभेद राख्ने, सामन्तवादी, पश्चगामी, जड शुत्रवादी, अतिवादी र यथास्थितीबादी संघ-संगठनहरु प्रधान शक्ति हुन् । मुलतः ने.वि.संघ, रा.प्र.वि.संघ जातीय अतिवादी संगठनहरु प्रधान शत्रुका रुपमा रहेका छन् । हाम्रो समाज वर्गीय छ । जहाँ विभिन्न वर्ग र चिन्तन बोक्ने व्यक्ति र संस्थाहरूछन् । गरीब जनतालाई शोषण गरेर उनीहरूको श्रम र पसिनाको भरमा जीवन बिताउने शोषक वर्गहरूसँग नै हाम्रो मुख्य रूपले शत्रुता छ । किन कि हामी श्रमजीवी जनता, गरीब र भूमिहिन किसान सवर्हारा मजदरुहरूलाई माया गर्छौं र उनीहरूमाथि शोषण,दमन, अन्याय, अत्याचार गर्नेहरूको विरोध गर्छौं । अर्को अर्थमा भन्नुपर्दा देशका सामन्तीहरू, दलाल नोकरशाह पूँजीपति तथा साम्राज्यवादी र त्यसका समर्थकहरू नै हाम्रा शत्रुहरू हुन् ।

## अनेरास्ववियुका सदस्यहरूमा के के गुण हुनुपर्छ ?

अनेरास्ववियुका सदस्यहरूले देश, जनता र विद्यार्थी समुदायको हितको लागि अग्रसर हुनुपर्ने भएकोले सबैभन्दा पहिलोगुण निस्वार्थीपन र समर्पणको भावना हुनुपर्छ । अध्ययनशील हुनुपर्छ । आफ्नो पाठ्यपुस्तक

अध्ययन र त्यसपछि अन्य ज्ञानवर्द्धक विषयमा गहिरो चाख राखी अध्ययन गर्नुपर्छ । समाज र आफू पढिरहेको शैक्षिक संस्थामा हुने अनेकखाले विकृति, विसंगती तथा समस्या विरुद्ध संघर्ष गर्न तत्पर हुनुपर्छ । बुबाआमा वा परिवारका अन्य सदस्यहरू तथा गुरुले भनेका सकारात्मक कुरामा आज्ञाकारी बन्नुपर्छ । अनुशासित बन्नुपर्छ । चरित्र सफा हुनुपर्छ । असल चरित्र भएको व्यक्ति मात्र अनेरास्ववियुको सदस्य बन्न सक्दछ । संगठनले गरेको निर्णय तथा दिएको जिम्मेवारीलाई इमान्दारिताका साथ पुरा गर्नुपर्दछ । रुढीवाद र अन्धविश्वास विरोधी हुनुपर्छ र बैज्ञानिक कुरामाथि विश्वास राख्नुपर्दछ । एक अर्काप्रति सहयोगी भावना हुनुपर्दछ ।

**शैक्षिक सस्थाहरूमा सगंठनलाई कसरी सचांलन गर्नर्पुदछ ?**

प्रथमत: अनेरास्ववियुको उद्देश्य र लक्ष्य बताएर विद्यार्थीहरूलाई संगठित बनाउनुपर्छ । अनेरास्ववियुमा संगठित भएका साथीहरूलाई देश, जनता र विद्यार्थी समुदायको हकहितको पक्षमा काम गर्नु गराउनु पर्दछ ।

शैक्षिक संस्थामा भएका समस्याहरू लिएर प्राधानाध्यापक वा प्राचार्यसमक्ष जानु पर्दछ । हाजिरीजवाफ, वक्तृत्वकला, खेलकुद तथा सांस्कृतिक कार्यक्रम जस्ता रचनात्मक कार्यमार्फत विद्यार्थीको हितमा क्रियाशील हुनुपर्दछ । नियमित रूपमा कमिटीको बैठक बोलाउने, बैठकबाट निर्णय भएपछि त्यसलाई व्यवहारमा उतार्न क्रियाशील हुनुपर्दछ । खासगरी "परिवर्तनका लागि शैक्षिक जागरण" भन्ने कार्यदिशा र (१) शैक्षिक आन्दोलन (२) सामाजिक जागरणको आन्दोलन (३) रचनात्मक क्रियाशीलताको आन्दोलन (४) देशभक्तिको आन्दोलन (५) न्यायिक आन्दोलन गरी यी पाँचवटा कार्यभारमा आधारित भएर संगठन संचालन गर्नुपर्दछ ।

**अनेरास्ववियु संगठन संचालनको पद्दती के हो ? यस अन्तर्गतके के विषयहरू पर्दछन् ।**

अनेरास्ववियु लेनिनवादी संगठनात्मक पद्दती, जनवादी केन्द्रीयताको सिद्दान्तमा आधारित रहेर संगठन संचालन गर्दछ । यस अन्तर्गत निम्नलिखित विषयहरू पर्दछन् ।

- हरेक व्यक्ति कमिटीको अधीनस्थ हुन्छ अर्थात् व्यक्तिगत हितलाई संगठनको हित अधीनस्थ राख्नु पर्दछ ।
- तल्ला कमिटीहरू उपल्ला कमिटीको अधीनस्थ हुन्छन् ।
- सबै कमिटी केन्द्रीय कमिटी मातहत हुन्छन् ।
- सम्पूर्ण सदस्य तथा केन्द्रीय कमिटी राष्ट्रिय सम्मेलनको अधिनस्थ हुन्छन् ।
- निर्णयपूर्व छलफलमा स्वतन्त्रता र निर्णयपश्चात् कार्यान्वयनमा जनवादी केन्द्रीयता हुनुपर्दछ ।
- वहुमतको निर्णय र अल्पमतको विचार सुरक्षित हुन्छ ।
- अनुशासन, गोपनीयता, प्रगतिशील आचरण र संस्कारलाई कडाईका साथ अवलम्वन गर्नुपर्दछ ।
- सगंठनको विधान, नीति, निर्देशन र निणर्य नमान्नेले सगंठनको विधान अनुसार कारवाहीको भागीदार हुनुपर्दछ ।

**हालसम्म अखिलले गरेका मुख्य मुख्य कामहरू के के हुन् ?**

अनेरास्ववियु आफ्नो स्थापनाकालदेखि नै राष्ट्रियता, लोकतन्त्र, जनजीविका, तथा विद्यार्थी हकहित र अधिकार प्राप्तिका निम्ति लड्दै आइरहेको संगठन हो । त्यसैले यसले विगतका दिनहरूमा गरेका कामहरू नेपाल राष्ट्र, नेपाली जनता र आम न्यायप्रेमी विद्यार्थीहरूप्रति समर्पित छन् । यो संगठनले हालसम्म गरेका मुख्य मुख्य कामहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

**क. राष्ट्रियताको रक्षार्थ गरेका कामहरू :** अनेरास्ववियुले नेपाल माथि हुने सम्पूर्ण विदेशी हस्तक्षेपको विरोध गर्दै आएको छ । २०२५ सालमा नेपालको सुस्ता र महेशपरुमा भएको भारतीय अतिक्रमण कालापानी मार्च २०५५, लक्ष्मणपुर मार्च २०५६, मेचीकाली सीमा रक्षा अभियान २०५६ र २०६४ साल मंसिर ६ गते भारतले सुस्तामा १४ हजार हेक्टर जमिन अतिक्रमण, २०४४ सालमा मानेभञ्ज्याङ भारतद्वारा अतिक्रमण, २०५५ सालमा पशुपतिनगरमा भारतद्वारा सीमा अतिक्रमण, गण्डक सम्झौता, कोशी सम्झौता, टनकपुर सन्धि,

बानेश्वरमा भारतीय प्रहरीको हस्तक्षेप, सप्तरीको तिलाठीमा सिमानामा एकपक्षियरुपमा निर्माण गर्न लागिएको बाटोको विरोध गर्दै विभिन्न प्रकारका आन्दोलन सचांलन गरेको छ । राष्ट्रियताको रक्षार्थ गरिएका यी आन्दोलनहरूमा अनेरास्ववियुका सयौं कायकर्ताले यातना भोग्नु परेको थियो भने चिनियाँकाजी, लक्ष्मी पाण्डे, सम्झना दाहाल जस्ता कार्यकर्ताहरूले आफ्नो जीवनको वलिदान गर्नुपरेको थियो ।

**ख. जनअधिकारको रक्षार्थ गरेका कामहरू :** २०४६ साल अगाडि पञ्चायती निरंकुश व्यवस्थाले जनताका हक अधिकारलाई कुण्ठित गरेको थियो । जनताका चाहना पूरा गर्नुभन्दा जनतालाई दबाउने कार्य पञ्चायती शासन व्यवस्थाले गरेको थियो । वहुदलीय व्यवस्था पुर्नस्थापना पश्चात् पनि पटकपटक जनविरोधी कार्यहरू सरकारबाट भएका छन् । यी जनविरोधी क्रियाकलापहरूका विरुद्ध अनेरास्ववियुले जहिले पनि अग्रपंक्तिमा रहेर विरोध गरेको छ । वास्तवमा विगतको आफ्नो क्रियाकलापबाट जनअधिकारका लागि लड्ने महत्वपूर्ण शक्तिको रूपमा अनेरास्ववियु परिचित भइसकेको छ । नेपालको

पूर्वाञ्चलमा भएको झोडा काण्ड, २०२८ साल देखि झापामा भएको किसान विद्रोह, २०३६ साल पछाडि देशका विभिन्न भागहरूमा भएका किसान संघर्षहरू, २०३७ सालमा विभिन्न मागहरू राखी गरिएको चैत्र १४ गतेको ऐतिहासिक नेपाल बन्द, २०३८ साल भाद्र महिनामा भएको महंगी विरोधी आन्दोलन, २०४० माघको पिस्करमा भएको गोली काण्डका विरुद्धको प्रदर्शन, २०४१ साल जेठ ६ गतेको शिक्षक संघर्षका सहभागी, २०४३ सालमा रसायनिक मलखादको मूल्य वृद्धिको विरुद्ध संचालित आन्दोलन, २०४३ सालमा विषाक्त दूधका विरुद्ध दूध वहिष्कार आन्दोलन र २०४४ साल फागुन २९ गतेको रङ्गशाला काण्डको विरुद्धको प्रदर्शन, २०४५ सालको महाभूकम्पमा पीडित जनताहरू लाई राहत उपलब्ध गराउने कार्यमा तदारुकता तथा तत्कालीन सरकारले अपनाएको पक्षपातको भण्डाफोर, २०४६ सालको जनआन्दोलनको सफलताको निम्ति निरन्तर सक्रिय र उल्लेख्य सहभागिता, २०४८ सालमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारले गरेको जनहत्या र दमनको विरोध, महंगी, भ्रष्टाचार विरोधी आन्दोलन, २०५० साल जेठ ३ गते जननेता मदन

भण्डारी र कुशल संगठक जीवराज आश्रितको रहस्यमय हत्याको छानविनका लागि निष्पक्ष आयोगको गठन गर्न माग राखी संचालित आन्दोलनमा सहभागिता, २०५८ असोज १८ र २०६१ माघ १९ मा जारी शाही घोषणा र राजतन्त्र विरुद्धको निर्णायक संघर्षमा अग्रमोर्चामा परिचालित जस्ता सयौं कामहरू अनेरास्ववियुले गरेको छ । जनविरोधी कार्यहरू विरुद्ध जुनसुकै बेला जस्तोसुकै परिस्थितीमा पनि तयार रहने र संघर्षको मैदानमा सबैभन्दा पहिले उत्रने चरित्र नै अनेरास्ववियुको परिचय बन्न पुगेको छ । संघर्षहरूको कारणले सडक बाघका नामले चर्चित छ, अनेरास्ववियु ।

**ग. लोकतान्त्रिक मुल्य र मान्यताका निम्ति भएका कामहरू :** लोकतान्त्रिक मूल्य र मान्यता प्रतिको सम्मान र परिपालनाको निम्ति पनि अनेरास्ववियुले जोड दिँदै आएको छ । खासगरी २०४६ साल पछाडि सरकार संचालनको जिम्मेवारी पाएका राजनीतिक शक्तिहरूमा देखिएको सर्वसत्तावादी प्रवृत्ति, राजनीति क्षेत्रमा माफियाहरूको कतिपय राजनीतिक पार्टी र नेताहरूमा बढ्दै गएको भ्रष्ट र आपराधिक प्रवृत्तिले गर्दा देशले

गम्भीर क्षति भोग्नुपरेको छ । अनेरास्ववियुले यो अवधिमा राजनीतिक आधराधीकरणको अन्त्यको लागि जनता र विद्यार्थी समुदायलाई सचेत पार्ने कार्य गरेको छ ।

**घ. विद्यार्थीहरूको सामाजिक, शारीरिक तथा बौद्धिक विकासका लागि गरेका रचनात्मक कामहरू :** स्थापना कालदेखि नै अनेरास्ववियुले सामाजिक तथा रचनात्मक कार्यलाई आफ्नो कार्ययोजनाको महत्वपूर्ण अंग बनाउँदै आएको छ । विद्यार्थी समुदायको शारीरिक र बौद्धिक विकासको लागि गरिने रचनात्मक कार्यहरू देखि लिएर समाजका निम्ति उपयोगीर प्रेरणादायी कार्यहरू प्रगतिशील संस्कृतिको निर्माण र विकासका लागि गरेका कामहरू उल्लेखनीय छन् । (१) भूकम्प, बाढी पहिरो, आगजनी जस्ता प्राकृतिक प्रकोपबाट पीडितहरू लाई राहत उपलब्धगराउने, (२) पाटी पौवा, चौतारो, पुस्तकालय, वाचनालय निर्माण गर्ने (३) स्वास्थ्य शिविर, साक्षरता शिविर संचालन गर्ने (४) वृक्षारोपण, रक्तदान, सरसफाइ आदि गर्ने काममा अनेरास्ववियु निकै अगाडि छ । हरेक वर्ष विभिन्न स्मृति दिवस, विद्यार्थी दिवस तथा

अन्य सन्दर्भमा यस्ता रचनात्मक कार्यक्रमहरू अनेरास्ववियुका सम्पूर्ण कमिटीहरूले गर्दै आएका छन । अनेरास्ववियुका विभिन्न कमिटीहरुले विद्यार्थीको बौद्धिक विकासको लागि- हाजिरीजवाफ, वादविवाद, कथा, कविता, निबन्ध लेखन प्रतियोगिता, विभिन्न बिषयमा बहस तथा अन्तरक्रियाहरु गर्दै आएको छ । त्यस्तै शारिरीक विकासको लागि भलिवल, बास्केटबल, दौडआदि खेलकुद प्रतियोगिता संचालन गर्ने कार्यसमेत यो संगठनलेगर्दै आएको छ ।

**ङ.** यी माथिका कार्यहरू बाहेक पिछडिएका जाति, भाषा, क्षेत्र र समुदायको उन्नतिको निम्ति विभिन्न जनचेतना मूलक कार्यक्रम गर्दै आएको छ । विद्यार्थी समुदायको उन्नतिको निम्ति सम्पूर्ण विद्यार्थीहरू एकजुट हनुपर्ने आवश्यकतालाई अनेरास्ववियुले गुटफुटको विरुद्ध आवाज उठाउँदै आएको छ । त्यसैगरी विदेशी विद्यार्थी सगंठनहरूले आ-आफ्ना देशमा सचांलन गर्ने विद्यार्थी पक्षीय, जनपक्षीय आन्दोलनहरूमा ऐक्यवद्धता प्रदर्शन गर्ने काम समेत अनेरास्ववियुबाट भएका छन् ।

**च. विद्यार्थी समुदायको हक हितका खातिर अनेरास्ववियुले गरेका कामहरू :-** अनेरास्ववियुको स्थापना गर्नुको प्रमुख उद्देश्य नै विद्यार्थी समुदायको हकहित प्रगति एवं आत्मसम्मानको निम्ति संघर्षरत रहनु हो । यो संगठन वर्तमान शिक्षा प्रणालीलाई आमूल परिवर्तन गरी सस्तो, सुलभ, गुणस्तरीय र बैज्ञानिक, जनवादी शिक्षा प्रणालीको स्थापनाका लागि संघर्षरत रहेको छ । शिक्षण संस्थाको स्वायत्तता र प्राज्ञिक स्वतन्त्रताको प्राप्ति र रक्षाका लागि क्रियाशील अनेरास्ववियु सधैंभरी शैक्षिक क्षेत्रमा हुने प्रहरी दमन र सत्ता हस्तक्षेपको विरोध गर्दै आएको छ । अनेरास्ववियुको नेतृत्वमा विगतमा भएका प्रमुख कामहरूलाई यसरी उल्लेख गर्न सकिन्छ :

- २०२१ सालमा उपत्यका अन्तर कलेज सम्मेलनद्वारा एक मागपुरक समिति बनाई त्यसको नेतृत्वमा विभिन्न शैक्षिक मागहरूको प्राप्तिका लागि शैक्षिक आन्दोलन संचालन गरिएको थियो । २०२२ साल जेठ १ देखि ७ गते अनेरास्ववियुको नेतृत्वमा भएको आन्दोलन नै उपरोक्त मागहरूलाई पुरा गराउन सफल रह्यो । यही सन्दर्भलाई लिएर जेठ १

गतेलाई सफल आन्दोलनको प्रतिकको रूपमा प्रत्येक वर्ष विद्यार्थी दिवस मनाउने गरिन्छ ।

- २०२३ सालमा वाणिज्य दिवस कार्यक्रमको सिलसिलामा राष्ट्रिय नाचघरमा आयोजना गरिएको सांस्कृतिक कार्यक्रममा छात्रा कलाकार माथि तत्कालिन डिआइजी नारायण सिंह श्रृङ्गार कक्षमा गई हातपात गर्ने चेस्टा गरेको घटनाका विरुद्ध भाद्र १८ गते विरोध प्रदर्शनको आयोजना गरिएको थियो । उक्त विरोध प्रदर्शनमा पुलिस दमन भएपछि शुरु भएको विद्यार्थी आन्दोलन डिआइजी सिंहको खोसुवा पश्चात् सफलताका साथ टुंगिएको थियो ।
- २०२४ सालमा छात्रावासमा पुस्तकालयको सुविधा दिइनु पर्छ भन्ने माग राखी विराटनगर कलेजमा चार महिनासम्म कक्षा बहिष्कार भएको थियो र उक्त आन्दोलन पनि केही माग पुरा गरी स्थगित गरिएको थियो । यसैगरी २०२५ सालमा आई एको परीक्षा रद्द गरिएको थियो तथा एसएलसी परीक्षा ढिलाइ गरिएको घटनाको विरुद्ध समेत विद्यार्थी आन्दोलन भयो । यी आन्दोलनहरूमा अनेरास्ववियु पक्षीय स्ववियुको भूमिका महत्वपूर्ण रहेको थियो ।

- २०३२ साल बैशाख १२ गतेदेखि २८ सुत्रीय माग राखी शुरु भएको विद्यार्थी आन्दोलनलाई नेपालको इतिहासमा अत्यन्त महत्वपूर्ण आन्दोलनका रूपमा लिने गरिन्छ । झण्डै तीन महिनासम्म चलेको यो आन्दोलन साउन ९ गते सम्झौतामा पुगी टुङ्गिएको थियो । तर यसको लगतै सरकारले विभिन्न वहानामा माग फिर्ता गर्ने काम गर्‍यो र शैक्षिक क्षेत्रभित्र सत्ताको दमन र हस्तक्षेपलाई अझ तीव्र बनाउने काम समेत गर्‍यो ।
- २०३५ साल चैत्र २३ गतेबाट सुरु भएको विद्यार्थी आन्दोलन विद्यार्थी आन्दोलनको इतिहासमा मात्र होइन, नेपालको राष्ट्रिय राजनीतिको इतिहासमै ऐतिहासिक रह्‍यो । यही विद्यार्थी आन्दोलनद्वारा केन्द्रीय स्तरमा विद्यार्थी संगठन खोल्न पाउने अधिकार र पुनः स्ववियु निवार्चन गर्न पाउने अधिकार समेत प्राप्त भयो । यही ऐतिहासिक विद्यार्थी आन्दोलनले "मण्डले" नामले कुख्यात, सत्ताको ताबेदार राष्ट्रवादी विद्यार्थी मण्डलेलाई प्रतिवन्ध लगाउनुको साथै निर्विकल्प भनिँदै आएको पञ्चायती व्यवस्थालाई समेत जनमत संग्रहको

कठघरामा उभिन बाध्य पाऱ्यो । यही आन्दोलनको दौरानमा आन्दोलनलाई दिशा विहिन गर्न खोज्ने सम्झौता परस्त व्यक्तिहरूलाई जेठ ९ गते ठेलगाडामा राखेर सहर घुमाउने काम गर्दा अनेरास्ववियुको अत्यन्त महत्वपूर्ण भुमिका रहेको थियो ।

- २०३७ साल मंसिर २१ गतेदेखि चैत्र १४ सम्म अनेरास्ववियु केन्द्रीय कमिटीको नेतृत्वमा संचालित आन्दोलन विद्यार्थी आन्दोलनको इतिहासमा अत्यन्त महत्वपूर्ण रह्यो । यही आन्दोलनद्वारा नै विद्यार्थी समुदायले २०३६ सालको उपलब्धि प्राप्त गर्ने स्थिति तयार भयो । सरकारद्वारा लिखित रूपमा उपरोक्त मागहरू पुरा गरिएको जानकारी पाएपछि संघर्ष स्थगित गरिएको थियो ।
- २०४५ साल चैत्र २० गते व्यापारिक नाकावन्दीका नाममा क्याम्पस तथा विश्वविद्यालय बन्द गर्ने निणर्यका विरुद्ध हामीले पढ्न पाउनै पर्छ भन्ने मागका साथ अनेरास्ववियुले संयुक्त आन्दोलनको पहल गऱ्यो । पछि गएर यही प्रयास नै संयुक्त विद्यार्थी आन्दोलनको आधार बन्न पुग्यो ।

- २०४५ सालको स्ववियु निर्वाचन पश्चात् आषाढ महिनामा अनेरास्ववियुको आयोजनामा स्ववियुको दोश्रो राष्ट्रिय भेलाको आयोजना गरियो । उक्त भेलाले २७ सुत्रिय शैक्षिक माग सुत्रवद्ध गर्नुका साथै सम्बन्धित निकायमा पेश गर्ने काम गऱ्यो । पछि गएर त्यही २७ सुत्रीय माग नै विद्यार्थी समुदायलाई राजनीतिक आन्दोलनमा परिचालित गर्ने माध्यम हुन गयो ।
- मुलुकमा वहुदलीय राजनीतिक व्यवस्थाको स्थापना पछि त्रिभुवन विश्वविद्यालयले शुल्क वृद्धि गर्ने निर्णय गरेपछि अनेरास्ववियुले त्यसका विरुद्ध चलाएको शैक्षिक आन्दोलन नयाँ परिवेश पछिको पहिलो शैक्षिक आन्दोलन बन्न पुग्यो । त्यसले प्रत्यक्ष रूपमा माग पुरा गराउन नसके पनि अप्रत्यक्ष रूपमा शुल्क कम गर्नर पुनः वृद्धि नगर्नका लागि एक हदसम्म महत्वपूर्ण दबाबको काम गरिरह्यो ।
- त्यसपछि पनि नवमण्डले गुण्डागर्डीको विरुद्ध अनेरास्ववियुले संचालन गरेको विद्यार्थी आन्दोलन अत्यन्त महत्वपूर्ण रह्यो । यही आन्दोलनको परिणाम स्वरूप सत्ता संरक्षित नवमण्डले

गुण्डागर्दीका विरुद्ध जुध्न सकिन्छ भन्ने मान्यता विकसित भएको थियो । साथै जुनसुकै सत्ता विरुद्धमा समेत आवश्यक पर्दा दबाब सृजना गर्न सकिन्छ भन्ने मान्यता र मनोबल स्थापित भएको छ ।

- २०५१ सालमा गठन भएको नेकपा (एमाले) को नौ महिने शासनकालमा अनेरास्ववियुले विभिन्न अल्पकालीन र दीर्घकालिन मागहरूलाई सुत्रवद्ध गरी ४६ सुत्रीय मागपत्र सरकार समक्ष पेश पऱ्यो । उक्त मागहरूका सम्बन्धमा अल्पकालीन कतिपय मागहरू पुरा गर्ने र दीर्घकालिन मागहरूलाई पूरा गर्न प्रक्रियागत ढङ्गले अगाडि बढाउने कुरामा संगठन र शिक्षा मन्त्रालयबीच एक सम्झौता भयो तर तत्काल सरकार परिवर्तन भयो र पछि बनेको कांग्रेस र राप्रपाको संयुक्त सरकारले सरकारी प्रतिवद्धतालाई लत्याउने कार्य गऱ्यो ।
- २०५२/०५३ सालमा पनि अनेरास्ववियुबाट विभिन्न आन्दोलनहरू संचालन भए । २०५४ भाद्र आश्विनमा शुल्क वृद्धि, भर्ना समस्या, तीन वर्षे परीक्षा प्रणालीका सम्बन्धमा विभिन्न मागहरू राखी

आन्दोलन संचालन भयो । तर तत्कालीन शिक्षामन्त्री लगायत अन्य सम्वद्ध पक्षबाट हाम्रो माग प्रति बेवास्ता गर्ने काम भयो ।

- २०५५ साल जेष्ठ २० गते अनेरास्ववियुको आयोजनामा देशभरिका जिल्ला शिक्षा कार्यालय, शिक्षा मन्त्रालयमा माध्यमिक तहमा कुनै पनि शुल्क लिन नहुने, भर्ना समस्यालाई सरल र व्यवहारिक बनाउनु पर्ने, सबैले उच्च शिक्षा आर्जन गर्न पाउने अवस्था सिर्जना गर्नुपर्ने लगायतका ४६ सुत्रिय केन्द्रीकृत माग तथा अन्य अल्पकालिन माग पेश गरियो । यी मध्ये कतिपय मागहरू तत्काल पूरा गर्ने वचनबद्धता सम्बन्धित पक्षबाट व्यक्त भएको थियो ।
- २०५६ सालमा तत्कालिन संसदले गरेको पेन्सन लिने निर्णयका विरुद्धमा आम जनसमुदायलाई सुसूचित गर्दै व्यङ्ग्यात्मक चन्दा संकलन गरी प्रतिनिधि सभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्ष सामु उहाँहरूकै कार्यकक्षमा गई विरोध स्वरूप सबै सांसद्हरूलाई १ रूपैंया दिन पुग्ने गरी

२ सय ६० रूपैंया बुझाइएको थियो । हाम्रो संघर्षको स्वरूप सांसद पेन्सन योजना खारेज भयो ।

- २०५६ सालमा तत्कालीन सांसदहरूले पजेरो गाडी लिने निर्णयका विरुद्धमा देशभरमा विभिन्न शैक्षिक संस्थाबाट विरोध प्रदर्शन गरिएको थियो ।
- कालापानी र पशुपतिनगर मा भएको भारतीय सीमा अतिक्रमण विरुद्ध राष्ट्रियताको आवाज उठाउँदै २०५५ सालमा अनेरास्ववियुको नेतृत्वमा कालापानी मार्चपास र सीमा अतिक्रमण विरोधी आन्दोलन संचालन गरिएको थियो ।
- तत्कालिन शाहजादा पारसले मदिरा सेवनको उन्मादमा आफैले चलाएको गाडीले किचेर कलाकार प्रवीण गुरुङको हत्या गरेपछि त्यसको विरोधमा अनेरास्ववियुले पारस माथि कारवाहीको माग गर्दै ५ लाख नेपाली जनताको हस्ताक्षर सहितको ज्ञापनपत्र राजदरवारमा बुझाएको थियो ।
- पेट्रोलियम पदार्थ लगायत जनताको दैनिक उपभोग्य सामग्रीको सरकारले गरेका मुल्यवृद्धिको विरोधमा अनेरास्ववियुले पटक पटक विरोधमा कार्यक्रमहरू आयोजना गरेको छ । यस्तै मुल्यवृद्धिको विरोधमा

संचालित आन्दोलनका क्रममा बुटवलका देवीलाल पौडेलको प्रहरीद्वारा हत्या गरियो ।

- २०५६ सालमा विद्यार्थीलाई ५० प्रतिशत छुटको माग राखी अनेरास्ववियुले चलाएको आन्दोलनमा अन्ततः सरकार र अनेरास्ववियु बीच माग पुरा गर्ने सहमति भयो र विद्यार्थीहरू यातायातमा ३३% र पुनः अर्को आन्दोलन मार्फत् ४५% छुटको ऐतिहासिक सुविधा प्राप्त गर्न सफल भए ।
- २०५८ साल असोज १८ मा तत्कालीन राजा ज्ञानेन्द्रले संसद् विघटन गरी कार्यकारी अधिकार सहितको शासन अधिकार आफ्नो हातमा लिएपछि सबैभन्दा पहिलो पटक असोज १९ गते अनेरास्ववियुले विरोध प्रर्दशन गरेको थियो । फलतः त्यही आन्दोलन निष्कर्षमा पुगेर राजतन्त्रको अन्त्य भयो ।
- २०५८ साल असोज १८ पछि राजाको उक्त घोषणा प्रतिगमन हो भन्ने स्पष्ट दृष्टिकोण सहित अनेरास्ववियुको अगुवाइमा प्रतिगमन विरुद्ध अन्य सात संगठनको एकता कायम गरी संयुक्त विद्यार्थी आन्दोलनलाई निरन्तरता दिने काम गऱ्यो ।

- २०६० मा राजाको एकतन्त्रीय शासन सुरु भएपछि स्वतन्त्र प्रेमी नेपाली जनताको आवाज बोकेर अब नेपालमा राजतन्त्रको सान्दर्भिकता कति ? भन्ने मुद्दामा देशव्यापी सार्वजनिक वहस संचालन गरियो । यस अभियानको प्रमुख अभियन्ता अनेरास्ववियुको मुख्य भूमिका रह्यो । सो क्रममा अनेरास्ववियुका केन्द्रीय सदस्य पुरुषोत्तम आचार्य र गोविन्द नेपालीलाई तत्कालिन निरंकुश शाही सरकारद्वारा राजद्रोहको अभियोगमा मुद्दा समेत चलाएको थियो ।
- २०६१ साल पौष १२ गते अनेरास्ववियुको आयोजनामा माओवादी अतिवाद र राजाको निरंकुशतावादको विरुद्ध शान्ति र अग्रगमनका लागि दबाब आन्दोलन भन्ने सामूहिक मुद्दा उठाउँदै काठमाडौंमा २ लाख विद्यार्थीहरूको विशाल र्‍याली प्रदर्शन गर्‍यो । त्यस र्‍यालीका सहभागीहरूले नेपालमा तत्काल हिसांको अन्त्य र शान्तिको स्थापनाको माग गर्दै नारा लगाएका थिए । सोही साल मंसिर १२ देखि अभियानको रूपमा देशभर

विद्यार्थीहरू शान्तिको माग गर्दै सडकमा ओर्लिएका थिए ।

- २०६१ सालमा शेरबहादुर देउवाको नेतृत्व रहेको तत्कालिन सरकारले गरेको पेट्रालियम पदार्थको मुल्यवृद्धिको विरोधमा अनेरास्ववियुले आन्दोलन गऱ्यो । परिणाम स्वरूप तत्कालीन सरकारले विद्यार्थीहरूलाई मट्टितेलमा ३०% छुट, सबै सरकारी अस्पतालमा ५०% छुट र सहिद देवीलाल पौडेलको स्मृतिमा अक्षय कोष स्थापना गर्ने सहमति गऱ्यो । यद्यपि त्यसपछि विकसित राजनीतिक अस्थिरताको कारण प्राप्त उपलब्धिहरू जोगिन सकेनन् ।
- नेपालका विद्यार्थीहरू राजतन्त्र चाहन्छन् कि गणतन्त्र चाहन्छन् ? भन्ने विषयमा अनेरास्ववियुको नेतृत्वमा देशभरका क्याम्पसहरूमा जनमत संग्रहको आयोजना गरियो । यस जनमत संग्रहमा ९०% भन्दा बढी विद्यार्थीहरूले गणतन्त्र रोजेका थिए ।
- २०६२ साल माघमा नगरकोटको एउटा मेलामा सहभागी भइरहेका स्थानीय जनतामाथि सेनाद्वारा भएको जनसंहारको विरुद्धमा दोषीलाई कारवाही र मृतकका परिवारलाई क्षतिपूर्तिको माग गर्दै

अनेरास्ववियुको अग्रसरतामा देशव्यापी आठ विद्यार्थी संगठनद्वारा घटनास्थलमा गई तथा देशव्यापी रूपमा भण्डाफोर कार्यक्रम सञ्चालन गरियो ।

- २०६२ साल जेठ देखि भाद्र सम्म अनेरास्ववियु सहित आठ विद्यार्थी सगंठनले राष्ट्व्यापी रूपमा संविधानसभा र राज्यको पुर्नसरंचना विषयमा बहस कार्यक्रमको आयोजना गरिएको थियो ।
- २०६३ साल जेठमा संविधानसभा र लोकतान्त्रिक गणतन्त्र विषयक राष्ट्रिय अभियान सञ्चालन गरी त्यस विषयमा देशव्यापी व्यापक जनमत सिर्जना गर्ने काम भयो ।
- आन्दोलनको केन्द्रको रूपमा स्थापित बागबजार स्थित अनेरास्ववियुको केन्द्रीय कार्यालय रातो घर माथि सशस्त्र प्रहरीले कायरता पूर्वक कब्जा गरेपछि उक्त अप्रजातान्त्रिक क्रियाकलाप र विद्यार्थी नेताहरूमाथि गरिएको दमन एवम् गिरफ्तारीका विरुद्धमा अनेरास्ववियुले वैशाख ३० गते शैक्षिक आमहड्ताल सम्पन्न गऱ्यो ।
- २०६१ माघ १९ पछि ल्याइएको कथित राष्ट्रवादी शिक्षाको विरोधमा अनेरास्ववियुले देशव्यापी रूपमा

पाठ्यपुस्तकमा राखिएका राजा महाराजाहरूका तस्वीरहरूलाई बहिष्कार गर्दै आन्दोलनको नेतृत्व गऱ्यो । यसरी इतिहासमा मात्र होइन वर्तमानमा पनि अनेरास्ववियु शैक्षिक समस्याप्रति अत्याधिक संवेदनशील रहेको छ र आन्दोलनमा अहिले पनि क्रियाशील छ । यसरी संचालन गरिएका आन्दोलनका कारण जनताहरू अनेरास्ववियुलाई शैक्षिक आन्दोलनको पर्यायवाची रूपमा लिने गर्दछन् ।

- ऐतिहासिक जनआन्दोलन २०६२/२०६३ नेकपा एमालेको पहल कदमीमा मुलुकको राजनीतिक सङ्कटको निकासका लागि तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुश शासन विरुद्ध नेपाली जनताको आन्दोलनले अत्यन्तै उचाइ लिन पुग्यो । आन्दोलनकै क्रममा सात दल र माओवादी वीच १२ बुँदे ऐतिहासिक समझदारी कायम भए पछि आन्दोलन चरम उत्कर्षमा पुग्यो । आन्दोलनअगाडि बढाउने क्रममा सात राजनीतिक दलहरूद्धारा (चैत्र २४-२७) चार दिने आम हड्ताल धोषणा गरियो । शान्तिपूर्ण ढंगले शाही निरङ्कुश सत्तालाई सबै तह

र तप्काबाट असहयोग हुन थाल्यो । २४ र २५ मा भएका असहयोगको अवस्थाले शाही सरकार अतालिने अवस्थामा आइपुग्यो । चैत्र २६ गते २ बजे दलहरूद्धारा वसन्तपुरमा विशाल जनसभाको आयोजना गरिएको थियो । जनसभामा जनताको उर्लिएको भेल थाम्न नसकिने देखेर शाही सरकारले बिहान १० बजदेखि राति सम्मको कर्फ्यु आदेश जारी गऱ्यो । अनेरास्ववियुका नेता कार्यकर्ताहरुद्धारा बागबजारबाट ऐतिहासिक रूपमा पहिलो पटक राज्यद्धारा जारी गरिएको कर्फ्यू आदेश तोड्ने साहशिक काम गऱ्यो । जसले गर्दा आम र आन्दोलनकारी जनसमुदायमा कर्फ्यु तोड्ने साहश बढेर आयो र चारैतिरबाट कर्फ्यु तोड्ने काम भयो । जनताको यस किसिमको विद्रोह झन बढ्दै गयो । आन्दोलनले जनताको ठूलो साथ पाउने निश्चित भएपछि दलहरूले अनिश्चतकालीन आमहड्ताल घोषणा गरेपछि देश जनक्रान्ति तिर उन्मखु हनु थाल्यो । शाही सत्ताका बन्दुकले नेपाली योद्धाहरू भुइँमा ढल्न थाले । जनआक्रोश झनै बढ्न थाल्यो । मेचीदेखि महाकाली सबै आन्दोलित हुन पुग्यो ।

राष्ट्र बैङ्को ढुकुटीमा ताला लाग्यो । सरकारले दैनिक चल्ने पैसा पनि निकाल्न पाउने स्थिति भएन । शाही सत्ताका गृहमन्त्री कमल थापाले चेक साट्ने स्थिति भएन । चेक साट्न नपाएको घटना निकै रोचक बन्न पुग्यो । शाही सरकार यसरी एक्लियो अब उसले साथ पाउने कुनै पनि आधार रहेन । वैशाख ७ गते एउटा शाही घोषणा आयो । त्यो जनताको लागि स्वीकार्य हुन सकेन । आन्दोलन जारी नै रह्यो । वैशाख ११ गते १२ बजे सम्पूर्ण रूपमा सार्वभौमसता, राजकीय दलको मार्गचित्रको समेत सम्बोधन गरी निरङ्कुश राजा ज्ञानेन्द्र प्रतिनिधिसभा पुनः स्थापनाको घोषणा गर्न बाध्य भए । यहरी यो शान्तिपूर्ण जनआन्दोलनले ४ हजार वर्षभन्दा पुरानो सामन्तवादी एकात्मक राजतन्त्रात्मक राज्य संरचना र दुई सय अठ्तीस वर्षदेखि नेपाली जनतामाथि शासन चलाउँदै आएको शाहवंशीय राजसंस्थाकै जग हल्लिन पुग्यो र अन्ततः नेपाली जनताको आफ्नो भविष्य आफैँ कोर्ने विजय हासिल गरी छाडे । नेपाली जनताको आफ्नो भविष्य आफैँ कोर्ने विजयको सुखद आरम्भ भयो ।

**लोकतान्त्रिक आन्दोलनमा सहादत प्राप्त गर्ने महान् सहिदहरू:**

- देवीलाल पौडेल, बुटवल, चैत्र २५,२०५९बुटवल
- उमेश चन्द्र थापा, दाङ्ग, माघ, २६, २०६२ घोराही
- भीमसेन दाहाल, काँस्की, चैत्र २६,२०६२ पोखरा
- दर्शनलाल यादव,सप्तरी चैत्र २३,२०६२ राजविराज
- तुलसी छेत्री, चितवन चैत्र २७,२०६२नजरायणघाट
- शिवपुर कुँवर, काभ्रे चैत्र २६,२०६२ वनपुर
- विष्णु पाण्डेय, चैत्र २६,२०६२ वनपुर
- यमलाल लामिछाने वर्दिया बैशाख ६, २०६२ वर्दिया
- सेतु विश्वकर्मा, बाँके बैशाख ५, २०६२ नेपालगञ्ज
- सुमन ताम्राकार, काठमाडौं बैशाख ५, २०६२, कलंकी
- दीपक कामी, काठमाडौं बैशाख ६, २०६२, कलंकी
- बासुदेव घिमिरे, काठमाडौं बैशाख ६, २०६२, कलंकी
- हिरालाल गौतम, बारा बैशाख ४, २०६२ निजगढ
- मोहमद ताहिर, अन्सारी, रौतहट बैशाख ५, २०६२ रौतहट
- राजन गिरी, झापा बैशाख ५, २०६३, चन्द्रगढी

- सुरज विश्वास, झापा बैशाख ५, २०६३, चन्द्रगढी
- गोविन्दनाथ शर्मा, पर्वत बैशाख ८, २०६३, कुस्मा
- प्रद्युम्न खड्का, काठमाडौं बैशाख ६, २०६३, कलंकी
- मोहमद जाहिर खान बैशाख ९, २०६३, त्रिपुरेश्वर
- चन्द्र वयलकोटी बैशाख ९, २०६३, भोटाहिटी
- अनिलकुमार लामा बैशाख २३, २०६३, चुच्चेपाटी

## जेठ ४ को ऐतिहासिक संसद् घोषणाबाट प्राप्त उपलब्धि के के हुन् ?

जनआन्दोलनको सफलतापछि पुनः स्थापना भएको संसद्ले २०६३ साल जेठ ४ गते एउटा घोषणा गरेको थियो । त्यो घोषणालाई बेलायती जनताले अत्याचारी राजा जेम्स तृतीयाको सम्पूर्ण अधिकार कटौती गरी सबै कुरा संसद्को मातहत रहने गरी प्राप्त गरेको अधिकारको वडापत्र-म्याग्नाकार्टा जस्तै यो घोषणा नेपाली म्याग्नाकार्टा सिद्ध भएको छ । यसले प्राप्त गरेको महत्वपूर्ण उपलब्धिको सार तल प्रस्तुत गरिएको छ ।

- सम्पूर्ण शक्तिका श्रोत जनता हुन् ।
- सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा नै निहित छ ।

- नेपालको सेनाको नाम “शाही सेना” हैन अब “नेपाली सेना” हुनेछ र यो सेना दरवारको मातहतमा हैन लोकतान्त्रिक सरकारको मातहतमा रहेनछ ।
- नेपालको सरकारको नाम श्री ५ को सरकार हैन अब नेपाल सरकार हुनेछ ।
- नेपाल कुनै खास ठाउँमा बस्ने जाति वा धर्म मान्नेको मात्र पेवा नभएर जुनसुकै भाषा बोले पनि जाति-जनजाति तथा सबैखाले धर्मसंस्कृतिका नेपालीहरूको साझा फूलबारी हुनेछ । नेपाल राज्य धर्मको मामिलामा तटस्थ रहनेछ ।

## जनआन्दोलन २०६२/०६३को उपलब्धिहरू के के हुन् ?

- ➢ १० वर्षदेखि जारी हिंसात्मक द्वन्द्व अन्त्य गरी दिगो शान्ति कायम गर्ने ।
- ➢ राजतन्त्रको समुल अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने ।
- ➢ राज्यको पुनः संरचना र संविधानसभाको निर्वाचन मार्फत नेपाली समाजको अग्रगामी रूपान्तरण गर्ने ।

**अनरोस्ववियुद्धारा प्रस्तावित शैक्षिक पुर्नसंरचनाका ५ आधारहरू :**

क. विश्व शैक्षिक बजारमा प्रतिस्पर्धा गर्न सक्ने - गुणस्तरीय

ख. नेपालको माटोसँग जोडिएको, प्राकृतिक श्रोत तथा साधन (जल, जमिन, जंगल, जडिबुटि, खनिज, पर्यटन-उपयोगमा ल्याउनसक्ने दक्षतायुक्त-राष्ट्रिय

ग. सामान्य जनताको सहज पहुँज भएको शिक्षा - वर्गिय

घ. कर्तव्य र दायित्व बोध गराउने - नैतिक शिक्षा

ङ. शारीरिक तथा मानसिक स्फूर्ती गराउने - स्वास्थ्य तथा शारीरिक शिक्षा

**शैक्षिक परिवर्तनकालागि अनेस्ववियुले अगाडी सारेका छलफलका विषयहरू के के हुन ?**

क. पाठ्यक्रममा समानता र बैज्ञानिकता

ख. परीक्षा प्रणालीमा समानता एवं वैज्ञानिकता

ग. शैक्षिक निकायका लागि भौतिक संरचनाको "ग्यारेन्टी" तथा बैज्ञानिकता

घ. शुल्क संरचनामा समानता र बैज्ञानिकता

ङ. शिक्षक कर्मचारीमा दक्षताको अभिबृद्धि, चेतना सहित वैज्ञानिक ब्यवस्थापन

च. बिषयगत विश्वविद्यालयको स्थापना ।

## अनेरास्ववियुका राष्ट्रिय सम्मेलनहरू र नेतृत्व

| क्र.सं. | सम्मेलन मिति | अध्यक्ष |
|---|---|---|
| १. | प्रथम २०२२ | सुजन खरेल |
| २. | दोस्रो २०२५ | विश्वकान्त मैनाली |
| ३. | तेस्रो २०२६ | गोविन्दमान श्रेष्ठ |
| ४. | चौथो २०२९ | मुकुन्द बहादुर श्रेष्ठ |
| ५. | पाँचौ २०३६ | टङ्क कार्की |
| ६. | छैटौं २०३८ | टङ्क कार्की/गौरी प्रधान (गौरी प्रधानलाई संयोजक बनाइएको |
| ७. | सातौं २०४० | रामप्रसाद ज्ञवाली |
| ८. | आठौं २०४२ | चन्द्र भण्डारी |
| ९. | नवौं २०४४ | तुल बहादुर गुरुङ |
| १०. | दशौं २०४७ | तुल बहादुर गुरुङ |
| ११. | एघारौं २०४८ | शंकर पोखेल |
| १२. | बाऱ्हौं २०५० | रामनाथ ढकाल |
| १३. | तेऱ्हौं २०५२ | योगेश भट्टराई/अरुण नेपाल |

(बीचबाट अरुण नेपाललाई अध्यक्ष बनाइएको)

१४. चौधौं २०५५ हिक्मत कार्की/रूपनारायण श्रेष्ठ (पार्टी विभाजन भएपछि एमाले र माले निकट अखिलका अध्यक्षहरू)

१५. पन्ध्रौं २०५७ राजेन्द्र राई/रवीन्द्र अधिकारी (पार्टीएकता भएपछि एमाले र माले निकट अखिलका अध्यक्षहरू)

१६. सोर्‍हौं २०५९ राजेन्द्र राई

१७. सत्रौं २०६२ खिमलाल भट्टराई

१८. अठारौं २०६३ ठाकुर गैरे

१९. उन्नाइसौं २०६५ रामकुमारी झाँक्री

२०. बीसौं २०६७ माधव ढुंगेल

२१. एक्काइसौं २०७० किशोर विक्रम मल्ल

२२. बाईसौं २०७२ नविना लामा

**अब अनेरास्ववियुमा गर्नुपर्ने काम र सुधारहरु :**

अनेरास्ववियुमा पनि पछिल्लो समय विभिन्न खाले समस्या, विकृति र विसंगतिहरु देखापरिरहेका छन् । समाज परिवर्तनको महान अभिभारा बोकेको यो गौरवशाली संगठनमा देखा परेका यस्ता प्रवृतिले पक्कै

पनि हामीलाई सही गन्तव्यमा पुऱ्याउँदैन । हामीले समाजमा देखा परेका विकृति र विसंगतिको अन्त्य गर्नको लागि सबभन्दा पहिले त हामी र हाम्रो संगठन विकृति मुक्त बनाउनु नै हाम्रो पहिले काम हो । हाम्रो कमजोरी र विकृति माथि निर्मम हुन सकेनौ भने हामीले शिक्षा क्षेत्रमा, समाजिक क्षेत्रमा र राजनीतिक क्षेत्रमा देखा परेका यावत समस्या र चुनौतीको सामना गर्न सक्दैनौ, यो सामान्य हिसाबले बुझ्न सकिने कुरा हो । त्यसकारण, हामीले अब संगठनलाई नयाँ ढंगबाट आजको चुनौतीहरुको सामना गर्न सक्ने गरी पूर्नगठन गर्नु आवश्यक छ ।

**त्यसको लागि :**

- अनेरास्ववियु भनेको विद्यार्थीहरुको साझा संगठन हो त्यसकारण अब अनेरास्ववियुमा वास्तविक/नियमित विद्यार्थीहरुको नेतृत्व र पहुँच निर्माण गर्न आवश्यक छ । त्यसको लागि अब अनेरास्ववियुको हरेक कमिटी निर्माण गर्दा नियमित विद्यार्थीहरुलाई मात्र संगठित गर्दै लैजानु पर्दछ ।

- आज हाम्रो समाजको सबैभन्दा ठूलो समस्या भनेको भ्रष्टाचार र बेइमानी हो । त्यसको उपचार भनेको इमान्दार मान्छेहरु निर्माण गर्नु नै हो । त्यसकारण अनेरास्ववियुमा संगठित हुने हरेक विद्यार्थी, कार्यकर्ता र नेता इमान्दार, नैतिकवान हुनुपर्दछ । यदि नेताको आडमा रहेर बेइमानी, अनियमितता, भ्रष्टाचार, दलाली गरेर संगठनमा प्रभाव जमाउन खोज्छ भने बिना आग्रह/पूर्वाग्रह त्यस्तालाई तत्काल कारवाही गरि संगठनबाट निष्कासन गर्नुपर्दछ । त्यस्ता व्यक्तिको कारणले नै संगठनमा समस्या, विकृति र विसंगति भित्रिने हुनाले त्यस्तो बिषयमा सुन्य सहनशीलता अपनाउनु पर्दछ ।
- मानिसलाई इमान्दार, नैतिकवान र क्षमातावान बनाउने भनेको शिक्षा वा ज्ञानले नै हो । त्यसकारण स्कूल/क्याम्पसमा कमिटी निर्माण गर्दा कक्षामा प्रथम हुने लगनशील, अध्ययनशील विद्यार्थीहरुलाई संगठित गर्दै अरु विद्यार्थीहरुलाई पनि त्यस्तै हुन प्रोत्साहित गर्नुपर्दछ ।

- कुनैपनि कमिटी गठन गर्दा सम्मेलन/भेला गरी कमिटी र नेतृत्व चयन गर्ने परिपाटीलाई कडाइका साथ पालना गर्नुपर्दछ ।
- जुनसुकै कमिटीको बैठक गर्दा तोकिएको एजेण्डामा कमिटीका प्रत्येक सदस्यले प्रत्यक्ष बहस, छलफलमा भाग लिई सामुहिक निष्कर्षको आधारमा निर्णय गर्ने परिपाटीलाई कडाइका साथ निरन्तरता दिनुपर्दछ । जसले संगठनका सदस्यहरुलाई बिषय प्रति जानकार र गम्भीर बनाउछ अनि कार्यान्वयनमा राम्रो परिणाम दिन सकिन्छ । साथै यस्तो प्रकृयाले संगठनको आन्तरिक लोकतन्त्रलाई मजबुत बनाउँदै सामुहिक नेतृत्व र वास्तविक जनवादको अभ्यासलाई बलियो बनाउँछ ।
- कुनैपनि कमिटी निर्माण गर्दा, कुनै नेताको इच्छा वा चाहनामा हैन, उपस्थित स्कूल/क्याम्पसका विद्यार्थीहरु बीचको छलफल र आपसी सहमतिमा मात्र कमिटी चयन गर्ने र नेतृत्व निर्माण गर्ने गर्नुपर्दछ ।

- संगठन भित्र पहुँच र पैसाको प्रभावलाई पूर्ण रुपमा बन्देज लगाउनु पर्दछ । पैसा र पहुँचको राजनीतिले हामीलाई कम्युनिष्ट आचरण विचारबाट विचलित गराउँदै क्रमश वुर्जुवाकरण गराउँछ । त्यसमा वैचारिक प्रष्टता सहित व्यवहारलाई सही ढंगबाट निरुपण गर्नुपर्दछ ।
- अनेरास्ववियु मार्क्सवादी विचार सिद्धान्त अनुरुप समाज परिवर्तन गर्ने विद्यार्थीहरुको संगठन हो । त्यसकारण मार्क्सवादी विचार सिद्धान्तद्वारा कार्यकर्ताहरुलाई योग्य र वैचारिक बनाउन प्रत्येक कमिटीले नियमित प्रशिक्षण, अध्ययन र बहस सञ्चालन गर्नुपर्दछ ।
- कुनैपनि व्यक्ति अनेरास्ववियुमा आबद्ध/संगठित भएको कम्तीमा ६ महिना सम्ममा अनेरास्ववियुको उद्धेश्य, दृष्टिकोण, मुल्य, मान्यताका साथै मार्क्सवादी विचार र कम्युनिष्ट राजनीति-आचरणबारे वैचारिक रुपमा प्रष्ट बन्ने/बनाउने खालको संगठनमा स्कूलिङको व्यवस्था गर्नुपर्दछ ।

**अनेरास्ववियुको प्रत्येक शैक्षिक संस्थाको कमिटीले अब के गर्नुपर्दछ ?**

- सरकारी स्कूल/क्याम्पसमा नियमित कक्षा सञ्चालन गर्न/गराउनको लागि प्रधानाध्यापक/प्राचार्य/क्याम्पस प्रमुख र सरहरुसँग नियमित पहलकदमी लिने र खबरदारी गरिरहने । संस्थागत शैक्षिक संस्था भए तोकिएको शुल्क र उपलब्ध सुविधाको निगरानी राख्ने ।
- सरकारी शैक्षिक संस्थाको शैक्षिक गुणस्तर उकास्न वा राम्रो बनाउन सरोकारवाला निकायहरुसँग निरन्तर छलफल गरी र आवश्यक सुधारको लागि नियमित दबाब सिर्जना गर्ने ।
- प्रत्येक कमिटीले शैक्षिक संस्थाको वातावरण स्वच्छ र सफा बनाउनको लागि सरकारी शैक्षिक संस्थामा नियमित सरसफाई अभियान सञ्चालन गर्दै प्रशासनद्वारा तोकिएको कर्मचारीलाई नियमित सरसफाई गर्न/गराउन पहलकदमी लिने ।
- विद्यार्थीहरुको विभिन्न प्रतिभालाई प्रष्फुटन गराउँदै सम्मान गर्न प्रत्येक हप्ताको एकदिन रचनात्मक कार्यक्रम गर्नुपर्दछ । जस्तो :- कविता, कथा, निबन्ध लेखन प्रतियोगिता, वादविवाद, वक्तृत्वकला, गायन, नृत्य, खेलकुद आदि

कृयाकलापलाई अनेरास्ववियुको कमिटीले निरन्तर सञ्चालन गर्नुपदर्छ । यस्ता रचनात्मक कार्यक्रम गर्दा आर्थिक मितव्ययीता र पारदर्शिता अपनाउनु पर्दछ ।

- कमिटीमा व्यक्तिगत आर्थिक कारोबारलाई पूर्णतः बन्देज लगाउँदै विभिन्न रचनात्मक काम र साँस्कृतिक गतिविधि मार्फत मात्र सामुहिक ढंगबाट आर्थिक संकलन र परिचालनको व्यवस्था गर्नुपर्दछ । अनावश्यक आर्थिक संकलनलाई पूर्णत बन्देज लगाउनु पर्दछ ।
- यसबाहेक स्थानीय रुपमा शैक्षिक संस्था र विद्यार्थीहरुमा देखा पर्ने विभिन्न समस्या समाधानको लागि अनेरास्ववियुका नेता कार्यकर्ताहरुले आवश्यक जिम्मेवारी र भूमिका सहित पहलकदमी लिने, सरसहयोग गर्ने गर्नु पर्दछ ।
- शैक्षिक संस्था र विद्यार्थीहरुको मात्र हैन, समाजमा देखापरेका विभिन्न समस्या, आपत विपद, दुर्घटना आदिमा सकेसम्मको सरसहयोगको लागि अनेरास्ववियुका प्रत्येक सदस्यले भूमिका खेल्नुपर्दछ ।

# राजनीतिक ज्ञानमाला

## राजनीति के हो ?

राजनीति भनेको यस्तो एउटा प्रकृया हो, जो राज्यको सत्ता/सरकार हासिल र सञ्चालनसँग सम्बन्धित हुन्छ । सामन्तवादी समाजमा राजा वा उसका भारदार-पुरोहितहरुले मात्र राजनीतिमा संलग्न हुने गर्दथे । तर जब सामन्तवादको अन्त्य हुँदै गयो, तब राजनीतिमा आम नागरिकको संलग्नता/सहभागिता र पहुँच बढ्दै गयो । समाजमा विद्यमान विभिन्न विचार/सिद्धान्त अनुरुपको व्यवस्था निर्माणको लागि एकै खाले विचार/सिद्धान्त मिल्ने मानिसहरुले पार्टी खोल्ने र त्यो पार्टीको विधान, विचारहरु र सिद्धान्तको अधीनमा रही अरु मानिसहरुलाई संगठित गर्दै सत्तामा पुगेर आफुहरुले चाहे अनुसारको व्यवस्था निर्माणको लागि कृयाशील हुने समग्र प्रकृया नै राजनीति हो । राज्य, राष्ट्र वा देश संचालन गर्ने तरिका वा विधिलाई व्यवस्था भनिन्छ । प्रत्येक राजनीतिक पार्टीले आ-आफ्नै विचार/सिद्धान्त अनुरुपको राजनीतिक व्यवस्थाको परिकल्पना गरेको हुन्छ । त्यो

व्यवस्था लागु गर्नको लागि मानिसहरुलाई अपिल र संगठित गर्दै निर्वाचन मार्फत प्रत्येक नागरिकको मत हासिल गरेर बहुमतको आधारमा सत्तामा पुगेर उसले चाहे अनुसारको राजनीतिक व्यवस्था लागु गर्दछ । जस्तो कि :- हाम्रो देशमा वैचारिक हिसाबले कम्युनिष्ट, काँग्रेस र विभिन्न क्षेत्रीय/जातीय पार्टीहरु छन् । त्यसमा काँग्रेसले पुँजीवादी-वुर्जवाहरुको हितमा हुने राजनीतिक व्यवस्थाको वकालत गर्दछ, कम्युनिष्टहरुले श्रमजीवी, मजदुर वा कामगरी खाने गरीबहरुको हितमा हुने राजनीतिक व्यवस्थाको लागि संघर्ष गरिरहेको छ, त्यस्तै क्षेत्रीय/जातीय पार्टीहरुले आ-आफ्नो क्षेत्र र जातको हितमा हुने राजनीतिक व्यवस्थाको वकालत गरिरहेका छन् ।

### राजनीतिसँग विद्यार्थीको के सम्बन्ध हुन्छ ?

देशको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायत सम्पूर्ण क्षेत्रलाई राजनीतिले बाटो देखाइरहेको हुन्छ । ती सबै क्षेत्रलाई डोऱ्याउने प्रमुख कुरा राजनीति हो । राजनीतिक व्यवस्था जस्तो छ, समाजको सबै क्षेत्र पनि त्यस्तै हुन्छ । अथवा कुनै पनि देशको राजनीतिक

व्यवस्थाले त्यो देशको सबै क्षेत्रमा प्रभाव पारिरहेको हुन्छ । हामी शिक्षा निःशुल्क, सर्वसुलभ र गुणस्तरीय होस् भन्ने चाहन्छौं । विद्यालय जान उमेर पुगेका विद्यार्थीहरूले समान ढंगले पढ्न पाऊन भन्ने चाहना राख्दछौं । हामीले यी कुरा उठाएको धेरै वर्ष भइसक्दा पनि पुरा हुन सकिरहेको छैन । बरु समस्याहरू झन्झन् बढिरहेका छन् । गलत राजनीतिक व्यवस्थाका कारण यस्तो भइरहेको छ । त्यसकारण हामीले चाहे अनुरुपको शिक्षा पद्धति वा शैक्षिक व्यवस्था ल्याउनको लागि राजनीतिसँग हाम्रो प्रत्यक्ष सरोकार हुने हुँदा राजनीतिसँग विद्यार्थीको प्रत्यक्ष सम्बन्ध हुन्छ । राज्यको नीतिसँग विद्यार्थी अलग हुन नसक्ने भएकोले राजनीतिसँग विद्यार्थीको अभिन्न सम्बन्ध रहेको हुन्छ ।

## विद्यार्थीले राजनीति गर्ने कि नगर्ने ?

एउटा चेतनशील मानव राजनीतिबाट अलग हुन सक्दैन् । चेतनाले ठीक-बेठीक, राम्रो-नराम्रो, सही-गलतको पहिचान गर्दछ । जसका कारण पक्ष निर्माण हुन पुग्दछ । समर्थन र विरोध आफैँमा राजनीति हो भने हामी जस्ता चेतनाका संवाहक विद्यार्थीहरूले राजनीतिमा

संलग्न नभई सुखै छैन । केही मानिसहरू विद्यार्थीले राजनीतिमा ध्यान दिनै हुँदैन भन्दछन् । विद्यार्थीलाई राजनीतिबाट टाढा राख्न चाहन्छन् । यसो गरेर उनीहरू आफै राजनीति गरिरहेका हुन्छन् किनकी तपाई हामी विद्यार्थीले राजनीति बुझ्यौं भने चालु राजनीतिका विकृति, विसंगती र खरावीको विरोध गर्छौं । विद्यार्थीहरूले राजनीतिलाई राम्रोसँग बुझ्न सकेभने उनीहरूको स्वार्थसिद्ध राजनीति समाप्त हुन्छ भन्ने डरले त्यस्तो कुरा गरेर हामीलाई अल्मल्याउन खोज्दछन् । हामीले त्यसबाट सावधान रहनु पर्दछ । अर्को कुरा के हो भने राजनीतिका नाममा आफ्नो अध्ययन छोड्ने, घर, परिवारसँग विद्रोह गर्ने जस्ता कुरा गलत हुन् । अध्ययन र घरको सानोतिनो कामबाट बचेको समयमा हामीले हाम्रो संगठन अनेरास्ववियुमा संगठित भएर देशलाई थोरै भएपनि योगदान दिनुपर्छ । देश संकटकै अवस्थामा पुग्यो भने सबै कुरा छाडेर लाग्नु पर्ने पनि हुनसक्छ ।

## राष्ट्रियताबारे अनेरास्ववियुको दृष्टिकोण कस्तो छ ?

हाम्रो देशमा रहेका सम्पूर्ण जाति, भाषा, धर्म लिङ्ग, संस्कृति र विभिन्न भू-भागका जनता बीचको अक्षुण्ण

एकता र भौगोलिक अखण्डता नै राष्ट्रियता हो । अनेरास्ववियु नेपालको भिन्न-भिन्न विशेषतालाई ध्यानमा राखी विविधताको बीचबाट एकताको खोजि गरेर नै राष्ट्रियताको संरक्षण गर्न सकिन्छ भन्ने दृष्टिकोण राख्दछ । त्यसैगरी अनेरास्ववियु हाम्रो देशको सम्मानमा कसैबाट चोट पुग्न नदिने, हाम्रो एक इञ्च भू-भाग पनि अरुलाई मिच्न नदिने, प्राकृतिक श्रोत र साधन माथिको हाम्रो अधिकार कसैलाई हडप्न नदिने कुरामा दृढतापूर्वक उभिँदै आएको छ । हाम्रो संगठन देशको रक्षार्थ लड्ने अमरसिंह, बीर बलभद्र, भीमसेन थापा जस्ता राष्ट्रभक्तहरूको सम्मान गर्दछ । अनेरास्ववियु सुस्ता, महेशपुर मानेभञ्ज्याङ, मेचीको पशुपतिनगर, कालापानी लगायत देशका विभिन्न ठाउँमा भारतबाट गरिएको सीमा अतिक्रमणको विरोधमा लड्दै आएको संगठन हो । अनेरास्ववियु भारतसँग हाम्रा देशका शासकहरूले गरेका असमान र अपमानजनक सन्धि-सम्झौताहरूको खारेज हुनुपर्छ भन्ने मान्यता राख्दछ । तसर्थ अनेरास्ववियु अग्रजहरूले नेपाली राष्ट्रियताका खातिर बगाएको रगत र उनीहरूले गरेको अठोटको सम्मान गर्दै प्रगतिशील राष्ट्रवादको पक्षमा उभिने संगठन हो ।

## सामाजिक परिवर्तन भनेको के हो ?

समाजमा विद्यमान एउटा व्यवस्थाको अन्त्य भएर अर्को व्यवस्था आउनु नै सामाजिक परिवर्तन हो । हाम्रो समाज वर्गीय छ । समाजमा रहेका विभिन्न व्यक्तिहरू एउटा न एउटा वर्गको हितका लागि सक्रिय रहेका हुन्छन् । जानी वा नजानी उनीहरू समाजका शोषक, समान्तहरुको पक्षमा लागेका हुन सक्छन् । हाम्रो समाजमा शोषणयुक्त राज्य व्यवस्था कायम राख्ने यथास्थितिवादी र त्यसलाई समाप्त पारी समतामूलक समाज निर्माण गर्न चाहने प्रगतिशील पक्षबीच टकराव वा द्वन्द्व सँधै चलिरहेको नै हुन्छ । हामीहरू हाम्रो देशमा रहेका अल्पसंख्यक शोषण व्यवस्थाका पक्षधरहरूको विरोधमा हुन्छौं र जनतालाई साथ दिएर बहुसंख्यक जनताले चाहेको समतामूलक समाज स्थापना गर्न चाहन्छौं । तसर्थ विद्यमान शोषणमूलक र असमान समाज व्यवस्थालाई बदल्ने कुरालाई नै सामाजिक परिवर्तन भनिन्छ ।

## सामाजिक परिवर्तनमा अनेरास्ववियुको भूमिका कस्तो हुन्छ ?

अनेरास्ववियु भनेको मार्क्सवादी दर्शन अनुरुप समाज परिवर्तन गर्ने युवा-विद्यार्थीहरुको संगठन हो । कार्ल मार्क्सले प्रतिपादन गर्नुभएको कम्युनिष्ट व्यवस्था निर्माण गर्नको लागि नै हामी संगठित र कृयाशील हुनुपर्दछ । समाजमा विद्यमान समस्याहरुलाई द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोणका आधारमा निरुपण गर्दै समाजमा व्याप्त श्रमजीवीहरु माथिको शोषण र विभेदको विरुद्ध संघर्ष गरी समाजवादी व्यवस्थाको लागि कृयाशील हुनुपर्दछ । त्यसको लागि शैक्षिक क्षेत्रमा भएको पूँजीवादी शोषण र विभेदहरुको विरोध गर्दै शिक्षा भनेको मौलिक हक भएकोले यसमा राज्यको लगानी हुनुपर्दछ भन्ने आवाजलाई बुलन्द गर्दै समाजका अरु क्षेत्रमा भएका शोषण र विभेदको विरुद्धमा संघर्ष गर्ने युवा विद्यार्थीहरुका संगठन नै अनेरास्ववियु भएकोले नेपालको समाज परिवर्तनमा अनेरास्ववियुको ज्यादै अहम भूमिका रहेको छ ।

## लोकतन्त्र भनेको के हो र लोकतन्त्रबारे अनेरास्ववियुको दृष्टिकोण कस्तो छ ?

लोकतन्त्र भन्ने शब्द अग्रेंजी शब्द Democracy को नेपाली रूप हो । ग्रीक भाषाको Demos र Kratik मिलेर यो शब्द बनेको हो । ग्रीक भाषामा Demos को अर्थ जनता र kratik को अर्थ सरकार अर्थात् जनताको सरकार भन्ने अर्थमा यो शब्दको प्रयोग हुदैं आएको छ । लोकतन्त्र एक समयमा अत्यन्त लोकप्रिय शब्दको रूपमा स्थापित भएको हो । तर खुँखार तानाशाह, जाली फटाहा सबैले नै आफ्नो शासनलाई लोकतान्त्रिक भन्ने गर्दथे र अहिले पनि गर्दैछन । पुँजीवादी दलहरूले भन्ने गरेको लोकतन्त्रमा जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षाको दायित्व सरकारले लिदैन । त्यो शोषणमुलक व्यवस्था भएकाले गरीबहरू झन- झन गरीब र धनीहरू झनझ्न धनी हुँदै जान्छन । कम्युनिष्टहरू जनवाद समाजवाद आदि शब्दले शासन ब्यवस्थाको नाम पुकार्दछन् । उनीहरू शोषणमूलक समाजको ठाउँमा शोषणरहित समानतामूलक समाजको स्थापना गर्न चाहन्छन् । अनेरास्ववियु पनि कम्युनिष्टहरूले भनेको

समाज व्यवस्था अर्थात् नेपालको सन्दर्भमा जनताको वहुदलीय जनवाद स्थापना गर्न चाहन्छ ।

## नेपालको कम्युनिष्ट पार्टीको स्थापना कहिले भयो र क- कसले स्थापना गरेको हुन् ?

नेपालमा राणा शासन हुँदै २००६ साल बैशाख १०गते ( सन् १९४९, अप्रिल २२- का दिन नेपालको कम्युनिष्ट पार्टीको स्थापना भएको हो । यसको स्थापना गर्ने पष्पलाल, नारायण विलास जोशी, मोतिदेवी श्रेष्ठ, निरञ्जन गोविन्द बैद्य र नरबहादुर कर्माचार्य गरी पाँच जना हुनुहुन्थ्यो । संस्थापक महासचिव कमरेड पुष्पलाल हुनुहुन्थ्यो ।

## जनताको वहुदलीय जनवाद भनेको के हो र यसको प्रतिपादक को हुन् ?

नेकपा एमालेको वि.सं. २०४९ सालमा सम्पन्न पाँचौ महाधिवेशनबाट तत्कालीन महासचिव मदनकुमार भण्डारीले प्रस्तुत गरी पारित गरिएको राजनीतिक कार्यक्रमको दस्तावेजलाई नै- जनताको बहुदलीय जनवाद भनिन्छ । जनताको बहुदलीय जनवादमा

नेपालको तत्कालीन अर्धसामन्ती-अर्ध औपनिवेशिक सामाजिक व्यवस्थालाई कसरी अन्त्य गर्दै कम्युनिष्टहरुले लोकतान्त्रिक ढंगबाट सत्ता हासिल गर्नुपर्दछ भन्ने कुराहरुलाई सैद्धान्तिक दृष्टिकोण सहित सुत्रबद्ध गरिएको छ ।

**जबजका १४ विशेषताहरु:**

१. संविधानको सर्वोच्चता
२. बहुलवादी खुल्ला समाज
३. शक्ति पृथकिकरणको सिद्धान्त
४. मानव अधिकारको रक्षा
५. बहुदलिय प्रतिस्पर्धात्मक प्रणाली
६. आवधिक निर्वाचन
७. बहुमतको सरकार र अल्पमतको विपक्ष
८. कानूनी राज्य
९. जनताको जनवादी व्यवस्थाको सुदृढिकरण
१०. विदेशी पूँजी र प्रविधि
११. क्षतिपूर्तिको सिद्धान्त
१२. सन्तुलित विदेश निति
१३. श्रमजीवी वर्गको नेतृत्व र अधिनायकत्व
१४. बहुदलियता

# मार्क्सवादी ज्ञानमाला

- श्रमजीवी वर्गको मुक्तिको सिद्धान्त ।
- समाजवादी क्रान्तिको सिद्धान्त ।
- समाज परिवर्तनको क्रान्तिकारी सिद्धान्त ।
- ***तथ्यबाट सत्य पत्ता लगाउने विधि ।***
- अन्तर्वस्तुको हिसावले यो एक वैज्ञानिक दर्शन, क्रान्तिकारी समाज विज्ञान र श्रमजीवी वर्ग पक्षधर राजनीतिक अर्थशास्त्र हो ।
- यसले श्रमजीवी वर्गको मुक्ति र सिंगै समाजको परिवर्तनका निम्ति मार्गदर्शन गर्दछ ।

**मार्क्सवादका मूलभूत मान्यता :**

१. संसारका सबै वस्तु र घटनाको उत्पत्ति, विकास र परिवर्तनको मूल कारण वा आधार भौतिक पदार्थमा रहेको द्वन्द्वात्मक गति हो भन्ने मान्यता ।

२. संसार परिवर्तन गर्ने मान्यता ।

३. श्रमजीवी वर्गको पक्षपोषण गर्ने मान्यता ।

४. आर्थिक-सामाजिक अधिकार सहितको ओकतन्त्र र समानता सहितको स्वतन्त्रता हुनुपर्छ भन्ने मान्यता ।

५. दर्शन र सिद्धान्तहरू चिन्तन पद्धति मात्र नभएर कार्य पद्धति पनि हुन भन्ने मान्यता ।

**मार्क्सवादका लक्ष र प्राथमिकता :**

**मूल लक्ष :**

- मार्क्सवादले समाजमा रहेका सबै खाले विभेद र असमानताहरूको अन्त्य गरी पूर्ण मानवीय समानतामा आधारित समाज निर्माण गर्ने ।
- प्रकृति सिर्जित विभेद मात्र हटाउन सकिदैन, मानव सिर्जित सवै विभेद हटाउन सकिन्छ र हटाउनु पर्दछ ।

**मार्क्सवादी दर्शन :**

**दर्शनको परिभाषा :**

- दर्शन मानिसको विश्व दृष्टिकोण हो । विश्वदृष्टिकोण भनेको विश्वप्रतिको दृष्टिकोण हो । विश्वलाई हेर्ने, वुझ्ने र व्याख्या गर्ने दृष्टिकोण हो।

- दर्शन प्रकृति, जीवन, समाज र चिन्तनको विकासका चालक वा आम नियमहरुको विज्ञान तथा अध्ययन पद्धति हो ।
- दर्शन मानव चेतनाका रूपहरूमध्ये एक हो ।

**केही दार्शनिकका परिभाषा :**

- "दर्शन सत्य सम्वन्धी दृष्टिकोण (vision of truth) हो ।"- प्लेटो
- "दर्शनशास्त्र चिन्तन पद्दति मात्र नभएर जीवन पद्दति पनि हो ।" – एम. हिरियन्ना
- "प्रत्येक दर्शनले एक विश्वदृष्टिकोण अभिव्यक्त गर्दछ ।" –मोरिस कन्फोर्थ
- "हरेक सच्चा दर्शनशास्त्र आफ्नो युगको उच्चतम बौद्धिक सारतत्व हो । – कार्ल मार्क्स
- "दर्शन यही संसारको चिन्तन हो भने धर्म अर्को संसारको चिन्तन हो । – कार्ल मार्क्स

**दर्शनको काम :**

- दर्शनले हाम्रो दृष्टिकोण निर्माण गरिदिन्छ ।
- दर्शनले जीवनशैली या बाँच्ने तरिका सिकाउछ ।

- दर्शनले संसार वुझ्न सिकाउछ ।
- दर्शनले समाज परिवर्तन गर्न सिकाउछ ।
- "Philosophy is the head of emencipation."
  (दर्शन मुक्तिको मष्तिष्क हो) - Karl Marx

**दर्शनका प्रकार :**

दर्शन मुख्य दुई प्रकारका छन् :

१. **भाववादी दर्शन** ,जसले चेतना र चिन्तनलाई प्राथमिक तत्व मान्दछ र संसारलाई अबोधगम्य ठान्दछ ।

२. **भौतिकवादी दर्शन**, जसले पदार्थ एवम् अस्तित्वलाई प्राथमिक तत्व मान्दछ र संसारलाई बोधगम्य ठान्दछ ।

**भावबाद÷**

भाववाद र भौतिकवाद बीचका मुख्य भिन्नताहरु :

१) भाववादले चेतनालाई प्राथमिक तत्व मान्दछ भने भौतिकवादले पदार्थलाई प्राथमिक तत्व मान्दछ ।

२) भाववादले संसार अबोदगम्य वा अज्ञेय मान्दछ भने भौतिकववादले संसार बोधगम्य वा ज्ञेय मान्दछ ।

३) भाववादले ईश्वरीय शक्तिमा विश्वस गर्छ भने भौतिकवादले ईश्वर काल्पनिक शक्ति मात्र हो भन्दछ ।

४) भाववाद ईश्वर केद्रित चिन्तन हो भने भौतिकवाद मानव केद्रित चिन्तन ।

५) भाववादले ज्ञान ईश्वरबाट प्राप्त हुन्छ भन्दछ भने भौतिकवादले ज्ञान व्यवहारबाट प्राप्त हुन्छ भन्दछ ।

६) भाववादले मानव समाजलाई ईश्वरको रचना मान्दछ भने भौतिकवादले समाज बस्तुगत जगतको विकासको परिणाम हो भन्दछ ।

७) भाववादले आत्मा अमर भएको र जीवको पुर्वजन्म एवम् पुनर्जन्म भैरहने मान्दछ भने भौतिकवादले आत्माको अमरता र पूर्व जन्म एवम् पूनर्जन्म हुनेमा विश्वास गर्दैन ।

८) भाववादले धर्मशास्त्रमा विश्वास गर्न भन्दछ भने भौतिकवादले विज्ञानमा विश्वास गर्न भन्दछ ।

९) भाववादले प्रतिकृयावादी वर्गको पक्षपोषण गर्दछ भने भौतिकवादले श्रमजीवि वर्गको पक्षपोषण गर्दछ ।

**मार्क्सबादी दर्शनको परिभाषा :**

- मार्क्सवादी दर्शन संसारका सवै बस्तु र घटनालाई तिनीहरूका गतिको द्वन्द्वात्मकतामा र विकासको ऐतिहासिक प्रकृयामा हेर्ने, वुझ्ने तथा व्याख्या गर्ने र परिवर्तनका लागि तरिका बताउने दर्शन हो ।
- यसलाई द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दर्शन भनिन्छ ।
- यो सवैभन्दा विकसित र वैज्ञानिक भौतिकवादी दर्शन हो ।
- अरु दर्शनले संसारको व्याख्या मात्र गर्छन् भने यसले संसार परिवर्तन गर्ने मान्यता समेत राख्दछ ।

**द्वन्द्वात्मक भौतिकवाद** :

- ➢ भौतिक पदार्थको द्वन्द्वात्मक गतिलाई संसारका सबै वस्तु, घटना र घटना प्रकृयाको उत्पत्ति, विकास र परिवर्तनको मूल कारण/आधार मान्ने दर्शन ।

**द्वन्द्व र द्वन्द्वात्मकता :**

- द्वन्द्व दोहोरो गति एवम् दोहोरो क्रियाको योग हो ।
- द्वन्द्व प्रतिपक्षहरूविच एकता र संघर्षको समुच्यय हो ।
- “द्वन्द्ववाद बाह्य जगत् र मानव चिन्तन दुवैको गतिका सामान्य नियमहरूको विज्ञान हो ।” – एंगेल्स
- “द्वन्द्ववाद बिपरित तत्वहरूको एकताको सिद्धान्त हो ।” – लेनिन
  - "All things are contradictory in themselves."
    — Hegel
- "On the scale of the entire universe, the posqtive energy of the matter can be balanced by the negative gravitational enery, and so there is no restriction on the creation of whole universe."
  — Stephen Hawking and Leonard Mlodinow

**द्वन्द्ववादका मूल नियम :**

- वस्तु वा घटनाको अस्तित्व र विकासमा निर्णायक भूमिका खेल्ने स्थायी एवम् दोहोरिरहने

अत्यावश्यक आन्तरिक सम्बन्धहरूलाई नियम भनिन्छ ।

- द्वन्द्ववादका मूल नियम निम्न प्रकार छन्-
  (सर्वत्र दुइपक्ष हुन्छन्)
  २. मात्रात्मक पविर्तन र गुणात्मक फड्कोको नियम । (गतिविनाको केही छैन । गति भनेको परिवर्तन हो ।)
  ३. निषेधको निषेध हुने नियम । (सवैको शुरु र अन्त्य हुन्छ ।)

**१) प्रतिपक्षको एकता र संघर्षको नियम :**

संसारका सबै वस्तु र घटनामा जीवनशील र मरणशील, नयां र पुराना , सकारात्मक र नकरात्मक आदि परस्पर विरोधी चरित्रका पक्षहरू हुन्छन् र ती दुई पक्ष अर्थात् प्रतिपक्षहरू बीच एकता र सघर्ष चलिरहन्छ ।

- भौतिक पदार्थका हरेक परमाणुमा ऋणात्मक र धनात्मक विद्युतधारा भएका इलोक्ट्रोन र प्रोटोन हुन्छन् ।
- विद्युतमा सकारात्मक र नकरात्मक धारा हुन्छन् ।
- चुम्वकमा उत्तरी ध्रुव र दक्षिणी ध्रुव हुन्छन् ।

- रासायनिक तत्वहरूमा संयोजन र बियोजन क्रिया हुन्छ ।
- हरेक जैव शरीरमा परिपाचन र विपाचन क्रिया चलिरहन्छ ।
- समाजको उत्पादन प्रणालीमा उत्पादक शक्ति र उत्पादन सम्बन्धका बीच द्वन्द्वात्मकता हुन्छन् ।
- तार्किक ज्ञानमा अमूर्त चिन्तन र विम्व निमार्ण तथा विश्लेषण र संश्लेषण कार्य हुन्छ ।

**२) मात्रात्मक परिवर्तन र गुणात्मक रूपान्तरणको नियमः**
संसारका सबै वस्तु र घटनाहरू गतिशिल एवम् परिवर्तनशील हुन्छन् । परिवर्तनको प्रकृया मात्रात्मक र गुणात्मक ढङ्गले अगडि बढ्दछ । वस्तुको मात्रामा हुने परिवर्तन, ऊर्जाको मात्रामा हुने परिवर्तन र सम्बन्ध या अन्तर्विरोधको मात्रामा हुने परिवर्तनले वस्तु या घटनाको गुणमा पनि परिवर्तन ल्याउछ ।

- इलोक्ट्रोन र प्रोटोनको संख्या फरक हुदा भिन्न तत्वको  परमाणु बन्दछ ।
- $H_2O$ हुदा पानी बन्दछ भने $H_2O_2$ हुदा हाइड्रोजन पेराक्साइड बन्दछ ।

- जीव कोषको केन्द्रिकामा रहने जीवसूत्र (Chromosome) को संख्यामा भिन्नता हुँदा फरक खालको जीवकोष बन्दछ । (भ्यागुताको १३, मुसाको २०, मान्छेको २३, नरवानरको २४, मटरकोसाको ७, प्याजको ८, ऊखुको ४० आदि ।
- पानी ० डिग्रि से.को तापमानमा बरफ, १०० डिग्रि से. मा बाफ र ५५० डिग्रि से. मा ल्पाज्मा बन्दछ ।
- सामाजिक सम्बन्ध या अन्तर्विरोधको मात्रामा हुने पिरिवर्तनले समाजको अवस्थामा परिवर्तन हुन्छ ।

**३) निषेधको निषेध हुने नियम :**

वस्तु वा घटनामा गुणात्मक परिवर्तन हुदा अस्तित्वको पुरानो रूप लोप हुने र नया रूप अस्तित्वमा आउने अबिच्छन्न प्रकृयाको नियमलाई निषेधको निषेध हुने नियम भनिन्छ ।

- हाइड्रोजन र अक्सिजन निषेध भई पानी वा हाइड्रोजन पेराक्साइड बन्नु ।
- बरफ निषेध भएर पानी तथा पानी निषेध भै वाफ अनि वाफ निषेध भएर प्लाज्मा बन्नु ।

- पुराना जीवकोष नष्ट हुनु र नयाँ जीवकोष बन्नु ।
- पुराना उत्पादन सम्बन्ध विस्थापित भई नयाँ उत्पादन सम्बन्ध स्थापित हुनु ।
- पुरानो सामाजिक व्यवस्था  विस्थापित भई नयाँ सामाजिक व्यवस्था स्थापित हुनु ।
- ज्ञानका पुराना सीमा तोडिएर नया सीमा कायम हुनु ।

## ऐतिहासिक भौतिकबाद

- ऐतिहासिक भौतिकबाद समाजको भौतिकवादी अवधारणा हो ।
- समाज भौतिक सम्वन्धहरूको कुलयोग या समष्टि हो भनेर मान्ने दर्शन हो ।
- समाजलाई विकासको गति र ऐतिहासिक प्रकृयामा हेर्ने, वुझ्ने तथा व्याख्या गर्ने र बदल्नका निम्ति तरिका बताउने दर्शन हो ।

## समाजवारे दुई दृष्टिकोण :

समाजको उत्पत्ति, विकास र परिवर्तन सम्वन्धी दुईखाले दृष्टिकोण छन् :

१) समाजलाई ईश्वरको रचना मान्ने दृष्टिकोण ।

२) समाजलाई भौतिक सम्बन्धहरूको कुल योग या समष्टि मान्ने दृष्टिकोण ।

**समाजको बस्तुबादी परिभाषा :**

- समाज भनेको मानवीय जीवन निर्वाहका निम्ति आवश्यक पर्ने भौतिक साधनहरूको उत्पादन गर्ने शिलशिलामा मानिसहरू एक आपसमा मिलेर बस्न र काम गर्न थालेपछि निर्माण भएको आर्थिक सामाजिक संरचना हो ।
- यो उत्पादक शक्ति र उत्पादन सम्वन्धहरुको द्वन्द्वात्मकतामा आधारित सामाजिक, साँस्कृतिक, वैचारिक, राजनैतिक, प्रशासनिक आदि सम्वन्ध एवम् संरचनाको कुलयोग हो ।

**समाज विकासका नियमहरू :**

(१) समाजको उत्पत्ति, विकास र परिवर्तनमा भौतिक उत्पादन कार्यको निर्णायक भूमिका रहन्छ ।

(२) समाजको आधार जस्तो छ, सोही अनुरूपको संरचना बन्दछ ।

(३) चेतनाले अस्तित्व निर्धारण गर्ने होइन भौतिक अस्तित्वले चेतनाको निर्धारण गर्दछ ।

(४) वर्गीय समाज परिवर्तनको मूल संवाहक या मूल माध्यम वर्ग सघर्ष हो ।

(५) समाज र समाजको इतिहासका निर्माता श्रमजीवी जनता हुन् ।

कार्ल मार्क्सले मानव समाजको इतिहासलाई भौतिकवादी दृष्टिकोणको आधारमा यसरी छुट्याएका छन् ।

**१) आदिम साम्यवादी युग :** मानव सभ्यताको शुरुवातको अवस्था, जहाँ मानिसहरु जगंली अवस्थामा थिए, घुमन्ते/फिरन्ते जीवन जिउने गर्दथे । जंगली फलफूल, कन्दमुल, चराचुरुङ्गी र जनावरहरुको शिकार गरी खान्थे । त्यहाँ नीजि चीज वा सम्पत्ति भन्ने थिएन । सामुहिक बसाई र सामुहिक खानेकुरा संकलन एवम् बाँडचुडी खाने अवस्था थियो । आमरुपमा समानता थियो धनी/गरिब, मालिक/नोकर (दास), शोषक/शोषित थिएन । त्यसैले मार्क्सले त्यो अवस्थाको मानव समाजलाई वर्गविहीन आदिम साम्यवाद भनेका हुन ।

**२) दासयुग :** आदिम साम्यवादको लामो अभ्याससँगै बिस्तारै मानिसहरु खानेकुराको संकलन गर्न विभिन्न ठाँउमा जाँदा अर्को समुहसँग भिडन्त हुने र बलियाले निर्धालाई मारिदिने अवस्था सिर्जना हुँदै गयो । यसरी एक समुहले अर्को समुहलाई मार्दै जाँदा मानिसहरुको संख्यामा कमी हुन थाल्यो । लामो अभ्यासबाट उनीहरुलाई मार्नुभन्दा समातेर दास बनाई राख्नेकुरा संकलन/ उत्पादन या अरु काममा लगाउँदा बलियाहरुलाई सहज लाग्दै गयो भने निर्धाले पनि मर्नु भन्दा दास भएर पनि बाँच्न पायो । बलिया मालिक भए निर्धा दास बने । दासयुगसँगै वर्गको उदय भयो । मानव समाजको यो अवस्थालाई मार्क्सले दासयुग भनेका हुन । दासयुगमा मालिकले दासलाई कामलगाएर खानेकुरा र आफ्नो आवश्यताका चीजहरु उत्पादन या उपलब्ध गराउनमा प्रयोग गरे । दासहरुलाई बाँधेर काम लगाइन्थ्यो र खान मात्र दिइन्थ्यो । जमीनबाट खाद्य उत्पादन र जनावरहरुको प्रयोग नै यो युगको मुख्य आर्थिक विशेषता थियो । मालिक र दास यो युगको वर्ग भए । यो युगमा उत्पादनको साधन(जमिन, जनावर, फलफूल आदि) माथि मालिकको स्वामित्व रहन्छ भने दासको श्रममाथि शोषण हुने व्यवस्था हो ।

**३) सामन्तवादी युग :** दासयुगमा खेतीपाती र पशुपालनको लागि दासहरुको व्यापक प्रयोग हुँदै गएपछि मालिक थोरै र दासहरु धेरै बन्दै गए । बिस्तारै दासहरुको संख्या यसरी बढ्यो कि मालिकहरुलाई दासहरु पाल्न र नियन्त्रण गर्न गाह्रो हुँदै गयो । दासहरुले पनि विद्रोह गर्न थाले । अनि दास र मालिकहरुबीच के सम्झौता भयो भने मालिकको जमिनमा दासहरुले स्वतन्त्रढंगले काम गर्ने र उत्पादन गर्ने तर त्यो उत्पादनमा स्वामित्व मालिकको हुने । काम गर्नेले खाने अन्नमात्र पाउने अरु सबै मालिकको हुने व्यवस्था भयो । यस्तो व्यवस्था नै सामन्तवादी व्यवस्था हो । जहाँ सिक्री वा डोरीले बाँधिएका दासहरु बन्धनबाट मुक्त भएर भूदास भए भने मालिकहरु जमिनमाथिको स्वामित्वका आधारमा भूदासहरु माथि शासन गर्ने सामन्त भए । जमिन्दारी र भूदास (किसान) यो युगको वर्गहरु भए । यो युगमा उत्पादनको साधन (जमिन, गाई, गोरु, मलबीउ) मा सामन्तको स्वामित्व रहन्छ भने भूदास वा किसानको श्रम माथि शोषण हुने व्यवस्था हो ।

**४) पुँजीवादी युग :**समाजमा उपभोग्य वस्तु उत्पादन गरी 'माल'को रुपमा बिक्री गर्ने र नाफा सञ्चय गरी

निरन्तर मालको पुर्नउत्पादन गर्ने सामाजिक व्यवस्थालाई नै पूँजीवादी युग भनिन्छ । यस्तो समाजको मुल चालक भूमिका पूँजीको हुन्छ । पुँजी भनेको नाफा कमाउन लगानी गरिएको वा तयार पारिएको सम्पत्ति हो । सन १७८९ मा फ्रान्सेली क्रान्तिसँगै युरोपमा सामन्तवादको अन्त्य भएपछि संसार पुँजीवादी युगमा प्रवेश गरेको मानिन्छ । यो युगमा उद्योग, कलकारखाना, खानी वा उत्पादनको साधन पुँजीपतिको हातमा हुन्छ, त्यही उद्योगहरुमा मजदुरहरुले काम गरेर सामान (माल) उत्पादन गर्दछन, अनि त्यही माल बेचेर उद्योगपति/पुँजीपतिहरुले नाफा कमाएर आरामको जीवन बिताउँछन भने मजदुरलाई चाँही बाँच्न मात्र पुग्ने ज्याला दिइन्छ । माल बेचेर प्राप्त हुने नाफामा मजदुरको कुनै हक वा अंश लाग्दैन । यसरी पुँजीवादमा मजदुरको श्रम माथि हुने शोषण नै पुँजीवादी शोषण हो । यो युगमा कृषिजन्य उत्पादन पनि नाफा कमाउने मालको रुपमा उत्पादन गरिन्छ । सामन्ती युगको जीविकामुखी खेती पुँजीवादी युगमा अब कृषि उद्योगको रुपमा विकसित हुन्छ । बजार र नाफाको लागि बिक्री नै यो युगको मुख्य उत्पादन बिशेषता हो । यो युगमा पुँजी वा मालको आधारमा

मानिसको मनोविज्ञान र सम्बन्धहरु निर्धारण हुन्छन् । पुँजीपति र मजदुर/श्रमिक यो युगको वर्गहरु हुन् । यो युगमा उत्पादनको साधन (उद्योग, कलकारखाना, खानी, कृषि) माथि पुँजीपतिको स्वामित्व रहन्छ भने मजदुरको श्रम माथि शोषण हुने व्यवस्था हो ।

**५) समाजवादी युग :**समाजवाद पुँजीवादको अन्त्यपछि कायम हुने समाज व्यवस्था हो । यो मार्क्स र मार्क्स भन्दा अगाडिका कतिपय दार्शनिकहरुले समेत परिकल्पना गरेको समाज हो । यो युगमा उत्पादनको स्वरुप पुँजीवादमा जस्तै भएपनि स्वामित्वको स्वरुप भने परिवर्तन हुने व्यवस्था भएको समाज हो । यो युगमा श्रमको शोषण ज्यादै कम हुन्छ अथवा हुँदैन । कोही पनि पुँजीपति जस्तो उत्पादनको साधन माथि स्वामित्व भएका व्यक्ति हुँदैनन् । सबै व्यवस्था राज्यले गर्दछ । उत्पादनको साधन माथि सामुहिक वा राज्यको मात्र स्वामित्व हुन्छ । **'सबैलाई योग्यता अनुसारको काम र काम अनुसारको दाम'** भन्ने सिद्धान्तमा आधारित उत्पादन प्रणाली एवम् सोही अनुसारको सामाजिक संरचना निमार्ण गरिएको समाज व्यवस्था हो । यो युगमा राज्य र नागरिक मात्र

रहन्छ, राज्यको भूमिका नियन्त्रण वा दमनकारी नभएर सेवाकारी मात्र हुनेछ । यो युगमा समाजमा आर्थिक वर्गको रुप हराएर जान्छ ।

६) **साम्यवादी युग :** यो समाजवादको पूर्ण रुपमा विकास भइसकेपछि स्थापना हुने वर्गविहीन मात्र हैन राज्यविहीन र कुनै पनि प्रकारका शोषण विहीन समाज व्यवस्था भएको समाज हो । यो युगमा उत्पादन र चेतनाको हिसाबले मानिसहरु यति पुग्दो र सचेत हुन्छन् जहाँ एकले अर्कोलाई हेप्ने, होच्याउने वा शोषण गर्ने कुरा कल्पना भन्दा बाहिरको कुरा हुनेछ । **'सबैलाई योग्यता अनुसारको काम र आवश्यकता अनुसारको दाम'** भन्ने सिद्धान्त लागुहुन्छ र कुनैपनि किसिमको भेदभाव रहँदैन । यो व्यवस्था, समाजको आर्थिक, सामाजिक, साँस्कृतिक, वैचारिक, नैतिक आदि सबै क्षेत्रमा भरपुर मात्रामा विकास भइसकेपछि लागु हुने समाज व्यवस्था हो ।

## केही शब्दार्थहरु

**व्यक्ति/मानिस (person) :** जन्मिदाँको अवस्थामा मानिस(बच्चा) जैविकीय हिसाबले एउटा प्राणी मात्र हो । जब उसले परिवार, साथीभाई, स्कुल अथवा समग्रमा

समाजबाट धेरै कुरा सिक्छ तब ऊ व्यक्तिको हिसाबले समाजको सदस्य बन्दछ । मानिस एक्लै केही होइन । एउटा व्यक्तिले जे जे कुरा सिक्दछ, जे जे ज्ञान आर्जन गर्दछ, त्यो उसले बाँचेको समाजको देन हो । त्यसकारण भनिएको हो 'मानिस एक सामाजिक प्राणी हो' ।

**परिवार (Family) :** परिवार मानिसको पहिलो पाठशाला हो, समाजको पहिलो आधारभुत इकाई हो । अथवा मानिसको सामाजिकीकरणको पहिलो थलो नै परिवार हो । उसले परिवारबाट सबभन्दा पहिले जे जे कुराहरु सिक्दछ त्यसैको आधारमा उसको व्यवहार, ज्ञानको विकास हुन्छ । त्यसकारण जब परिवारमा नै कुनै बच्चाले राम्रो शिक्षा पाउँछ, ऊ त्यो समाजको असल नागरिक बन्दछ ।

**समाज (Society) :** समाज मानिसहरुको सामुहिकताको उपज हो । तर त्यो सामुहिकता मानिसहरुबीच प्रत्यक्ष वा परोक्ष हिसाबले एकअर्का सँग सम्बन्धित हुन्छ । मानव इतिहासको प्रारम्भिक चरणको जंगली वा घुमन्ते अवस्थाबाट जब मानिसहरु समुहमा स्थायी रुपले बस्न थाले तब जीविकोपार्जनको क्रममा विभिन्न खालका ज्ञान,

संस्कृति, परम्परा, रितिरिवाज आदिको विकास गर्दै गए । मानिसले उत्पादन, विनिमय र  उपभोगको क्रममा जे जस्ता ज्ञान वा शिक्षा, संस्कृति र मान्यताको जति धेरै विकास गर्दै गए समाज त्यति नै जटिल र विकसित हुँदै गयो । समाजमा विद्यमान यस्ता ज्ञान, संस्कृति, परम्परा, मुल्य, मान्यता आदि गुणद्वारा जब कुनै मानिस युक्त हुन्छ तबमात्र ऊ त्यो समाजको सदस्य हुन्छ र यी गुणहरुद्वारा युक्त हुने प्रकृयालाई नै 'सामाजिकीकरण' (Process of socialization) भनिन्छ । मानिस जति चाँडै अनि धेरै हिसाबले सामाजिकीकरणको प्रकृयामा सामेल हुन्छ, त्यति नै उसको चेतना स्तर पनि विकसित हुन्छ अनि उसले नै त्यो समाजको नेतृत्व गर्दछ ।

**राष्ट्र (Nation)** : साझा आर्थिक, राजनीतिक र साँस्कृतिक मनोभावले बाँधिएर रहेको मानव समुदाय नै 'राष्ट्र' हो ।

**राज्य (State)** :  कुनैपनि राष्ट्रको राजनीतिक उपस्थिति वा अभिव्यक्तिलाई राज्य भनिन्छ । राज्य मुलतः त्यो राष्ट्रको सरकार वा शासन प्रकृयासँग सम्बन्धित हुन्छ । यदि कसैले- 'राज्यको उपस्थिति कमजोर भयो' भन्छ भने

'त्यो देशको सरकार वा शासन प्रकृया कमजोर रहेछ' भनेर बुझ्नु पर्दछ ।

**देश (Country)** : देश भनेको राष्ट्र र राज्य सहितको निश्चित भूभाग हो, जसका भौगोलिक सिमाहरु निश्चित हुन्छन् । देशमा राज्य एउटै हुन्छ तर राष्ट्र भने एक भन्दा बढी हुन सक्छन् । देशको सरकार वा शासन व्यवस्था एउटै हुन्छ तर त्यसको मातहतमा विभिन्न शासन पद्धति हुन सक्दछ ।

**अखिल (All)** : अखिल भन्ने शब्दले सामान्यतया सबै, सम्पूर्ण भन्ने अर्थ लाग्छ । अंग्रजी शब्द 'All' को नेपाली अनुवाद अखिल हो । अनेरास्ववियुको अखिल शब्द सबै विद्यार्थीहरु प्रगतिशिल, जनवादी र देशभक्त हुनुपर्छ भन्ने सन्दर्भमा प्रयोग गरेको हो । अनेरास्ववियु राजनीतिक/सैद्धान्तिक रुपमा मार्क्सवादी र जनताको बहुदलीय जनवादको सिद्धान्तको अनुरुप समाज परिवर्तनको अभियानमा संलग्न विद्यार्थीहरुको संगठन हो ।

**मार्क्सवाद (Marxism)** : यो विश्व ब्रम्हाण्ड, पृथ्वी, चराचर जगत वा सम्पूर्ण चीजहरुका बारे अध्यात्मकवादी दृष्टिकोणको विपरीत द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण

अनुरुप तथ्यबाट सत्य पत्ता लगाउने वैज्ञानिक विधि वा पद्धति नै मार्क्सवाद हो । कार्ल मार्क्सको विचारहरुलाई मार्क्सवाद भनिएको हो जसलाई उनको सहयात्री फ्रेडरिक एङ्गेल्सले संकलन/सम्पादन तथा पुर्नव्याख्या गरेका हुन् ।

## कार्ल मार्क्स (Karl Marx) :

**जन्म :** सन् १८१८ मे ५, जर्मनीको ट्रियरमा

सन् १८४१ मा दर्शनमा विद्यावारिधि

**मुख्य योगदान :** सन् १८४७ मा कम्युनिष्ट लिगमा आबद्ध सन् १८४८ मा **कम्युनिष्ट घोषणापत्र** (फ्रेडरिक एंगेल्सको सहलेखन)

## वैचारिक योगदान

दर्शनशास्त्रमा : द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण

समाजशास्त्रमा : ऐतिहासिक भौतिकवादी दृष्टिकोण

अर्थशास्त्रमा : राजनैतिक अर्थशास्त्र, अतिरिक्त मूल्यको सिद्धान्त महत्पूर्ण कृति **"पुँजी (Capital)"** को लेखन

मृत्यु : सन् १८८३ मार्च १७

"आज सम्मका विचारक, दार्शनिकहरुले समाजको व्याख्या वा विश्लेषण गरे तर मूख्य कुरा त समाज बदल्नु हो ।"
- Karl Marx (Thesis on Feurbach)

**फ्रेडरिक एंगेल्स (Friedrich Engels)**:
जन्म : १८२० नोभेम्बर २८ जर्मनी को बर्मेन शहर
सेनाको जागिर र पिताको उद्योगमा काम, सन् १८४२मा मार्क्ससँग पहिलो भेट, मार्क्ससँग मिलेर विभिन्न बिषयमा काम तथा योगदान, "कम्युनिष्ट घोषणा पत्र" को सहलेखन "ड्युरिङ्ग मत खण्डन""परिवार नीजि सम्पत्ति र राज्यको उत्पत्ति"को लेखन मार्क्सको मृत्यु पश्चात मार्क्सका रचनाहरुको संकलन र सम्पादन, मार्क्स मृत्यु पश्चात पुँजी भाग-२ र भाग-३ को प्रकाशन ।
मृत्यु : १८९५ अगस्ट ६ "कार्ल मार्क्सका विचारहरुलाई **मार्क्सवाद** भन्न सकिन्छ ।"- एंगेल्स

**पुष्पलाल**
जन्म मिति : जुलाई २२, १९२४, रामेछाप
योगदान :

- २००७ नेपाल कम्युनिष्ट पार्टीको स्थापना एवम् संस्थागत महासचिव ।

- नेपाली कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाई नेपालमा कम्युनिष्ट आन्दोलनको स्थापना गराउन महत्वपूर्ण भूमिका निर्वाह ।
- जहानियाँ राणा शासन व्यवस्था विरुद्ध ज्यानको समेत प्रवाह नगरी संगठित रुपमा संघर्ष गर्नुभएको ।
- निरङ्कुश राणा, राजा र काँग्रेस बिच दिल्लीमा सम्झौता भई नेपालमा प्रजातन्त्र स्थापित भएता पनि मूलभूत परिवर्तन नभएको एवम् जनपक्षिय गतिविधि नभएको भनि निरन्तर संघर्षपूर्ण यात्रा ।
- राष्ट्रियताका सन्दर्भमा भारतीय विस्तारवाद विरुद्ध स्पष्ट विचार राख्नु भई राष्ट्रियताको प्रयाय भएको ।
- नेपाली समाजको चरित्र अर्धऔपनिवेशिक, अर्ध सामन्ती विश्लेषण ।

**मृत्यु :** ई. सं. १९७८

## मनमोहन अधिकारी

जन्म मिति : जुन २०, १९२०, काठमाडौं

- जनताको अभिमत प्राप्त गरी पहिलो पटक निर्वाचित कम्युनिष्ट प्रधानमन्त्री ।

- २००३ सालमा विराटनगरको जुलमिटबाट मजदुर आन्दोलनको नेतृत्व ।
- राणाशाही र पञ्चायती शासन विरुद्धको आन्दोलनको नेतृत्वकर्ता ।
- नेकपा (एमाले) को अल्पमतको सरकारको नेतृत्व गर्दै नौ स को कार्यक्रमबाट देशमा लोकप्रिय सरकार संचालन ।
- लोक कल्याणकारी राज्य स्थापनार्थ आफ्नो गाउँ आफै बनाऊँ, बृद्ध तथा विधवा भत्ताको व्यवस्था र स्थानीय सरकारलाई बजेट विनियोजन गरी नयाँ आयामको सुरुवात ।
- सादा जीवन उच्च विचारका धनी व्यक्तित्व ।

मृत्यु : अप्रिल २६, १९९९

## मदन भण्डारी

जन्म मितिः जुन २७, १९५२, ताप्लेजुङ्ग, ढुंगेसाँगु ठोट्ने

वैचारिक योगदान : नेपाली क्रान्तीको मौलिक सिद्धान्त 'जनताको बहुदलीय जनवाद' को प्रतिपादन ।

- कोअर्डिनेशन केन्द्र, नेकपा (माले) हुँदै नेकपा (एमाले) को चौथो महाधिवेशनबाट महासचिव ।

- नेपाली साहित्यमा समेत उहाँको रुची र चाख रहेको थियो । जनपक्षिय र जनवादी साहित्यको क्षेत्रमा पनि अमूल्य योगदान ।
- विश्वभर कम्युनिष्टहरुको विरासत ढल्दै जाँदा विश्व कम्युनिष्ट आन्दोलनमा देखिएका समस्याहरुबाट शिक्षा लिँदै राजनीतिमा लोकतान्त्रीकीकरणको विचारलाई नेपाली राजनीतिमा प्रवेश गराउनु भएको ।

मृत्यु : मे १६, १९९३

## केपी शर्मा ओली

जन्म मिति : फेब्रुअरी २२, १९५२, तेह्रथुम

योगदान :

- पञ्चायती व्यवस्था विरुद्ध 'झापा विद्रोह' मार्फत कम्युनिष्ट राजनीतिमा महत्वपूर्ण योगदान ।
- निरङ्कुश पञ्चायती शासकहरुका विरुद्ध लाग्दै गर्दा लामो समय जेल जिवन बिताउनु भएको ।
- नेकपा (एमाले)को ९ औं महाधिवेशनबाट अध्यक्षमा निर्वाचित ।

- नेपाली समाजमा जबजको रचनात्मक प्रयोगकर्ता एवम् पार्टी भित्रको आन्तरिक लोकतान्त्रिकरणको मुद्दालाई ८ औँ महाधिवेशनबाट पारित गराउन सफल ।
- नेपाली जनताको सदियौँ देखिको चाहना बमोजिम संविधान सभा मार्फत संविधान जारी गर्नका निम्ती महत्वपूर्ण योगदान ।
- नेपालको संविधान २०७२ जारी भए पश्चात देशको प्रधानमन्त्रीमा चिर्वाचित भई लोकप्रिय, जनपक्षिय काम गर्दै राष्ट्रियताको आन्दोलनमा समर्पित भई "राजनेता" को रुपमा नेपाली जनतामा लोकप्रिय ।

**कम्युनिष्ट घोषणापत्र (Communist menifesto) :** सन् १८४८ मा कार्ल मार्क्स र एङ्गेल्सद्वारा मजदुरहरुको पक्षमा लेखिएको राजनीतिक दस्तावेज ।

**दर्शन/दर्शनशास्त्र (Philosophy) :** दर्शन भनेको जीवन र जगतलाई हेर्ने/बुझ्ने, व्याख्या/विश्लेषण गर्ने विश्व दृष्टिकोण हो ।

मार्क्सवादले समाजलाई उत्पादन पद्धतिको आधारमा हेर्दछ । यो सामाजिक चेतनाको एक उच्च रुप हो । दर्शन सम्बन्धी अध्ययन गर्ने पद्धतिलाई दर्शनशास्त्र भनिन्छ ।

**अर्थशास्त्र (Economics)** : मानवीय उपभोग्य वस्तु( माल)को उत्पादन, वितरण/विनिमय र उपभोगका नियमहरुको अध्ययन गर्ने शास्त्र । मार्क्सका अनुसार समाज सञ्चालनको मुख्य आधार अर्थतन्त्र हो । मालको उत्पादन, वितरण/विनिमय र उपभोगको समग्र प्रकृयामा अर्थको नै मुख्य भूमिका हुन्छ ।

**राजनैतिक अर्थशास्त्र (Political Economy)**: समाजको अर्थतन्त्र विशुद्ध अर्थ व्यवस्थामात्र होइन बरु यो प्रत्यक्षतः राजनीतिक व्यवस्था वा क्रियाको मुख्य आधार हो भन्ने मार्क्सको दृष्टिकोण हो । आर्थिक पक्ष नै समाज र राजनीतिको केन्द्रीय बिषय हो ।

**समाजशास्त्र (Sociology)** : मानव समाजको उत्पत्ति, विकास र परिवर्तनका सबै पक्षको अध्ययन गर्ने बिषयलाई नै समाजशास्त्र भनिन्छ । मानिसको जीवन, व्यवहार, चेतना, संस्कृति वा निर्माण गरिएका भौतिक र

अभौतिक सबै चीजहरु समाजको उत्पादन हो भन्ने दृष्टिकोणमा आधारित ज्ञान नै समाजशास्त्रको मुख्य पक्ष हो । यो मानव समाजको अध्ययन हो । मार्क्सवादले समाजलाई उत्पादन प्रणाली/पद्धति (mode of production) को आधारमा हेर्दछ वा अध्ययन गर्दछ ।

**उत्पादन (Production)** : प्रकृति वा प्रकृतिमा रहेको कच्चा पदार्थमा औजार मार्फतश्रम प्रयोग गरी मानवीय आवश्यकताको उपभोग्य वस्तु तयार गर्ने कार्यलाई उत्पादन भनिन्छ । जस्तै - जमिनबाट अन्न उत्पादन, चुनढुंगााबाट सिमेन्ट उत्पादन, रुखबाट काठ उत्पादन आदि ।

**उत्पादक शक्ति (Productive force)** : उत्पादनको लागि आवश्यक पर्ने चीजलाई उत्पादक शक्ति भनिन्छ । उत्पादनको लागि मानवीय श्रम र उत्पादनको साधन आवश्यक हुन्छ ।

उत्पादक शक्ति- श्रम+श्रमको वस्तु+श्रमको औजार
यहाँ श्रम भनेको मानवीय श्रम नै हो । श्रमको वस्तु भनेको जुन वस्तुमा श्रम लगाइन्छ त्यो नै श्रमको वस्तु

हो, जस्तै- कृषिमा, खेत वा जमिन, बीउ, मल नै श्रमको वस्तु हो । श्रमको औजार भनेको जुन औजारको प्रयोग गरी श्रमको वस्तुमा श्रम लगाएर उत्पादन गरिन्छ त्यो नै श्रमको औजार हो, जस्तै- कृषिमा, हलो, गोरु, कुटो, कोदालो आदि नै श्रमको औजार हो । उत्पादक शक्तिमा श्रमको ज्यादै महत्व हुन्छ, जसले श्रमको औजारलाई निर्माण र विकास गर्दै लैजान्छ भने श्रमको वस्तुको रुपमा पनि निरन्तर परिष्कृत गर्दै लैजान्छ ।

**उत्पादनको साधन (Means of Production)** : जुन चीज वा साधनको प्रयोग गरी श्रमद्वारा उत्पादन गरिन्छ त्यो नै उत्पादनको साधन हो । उत्पादनको साधन भनेको श्रमको वस्तु र श्रमको औजारको योग वा समुच्य रुप हो । समाजमा वर्गको निर्धारण उत्पादनको साधनमाथिको स्वामित्वले नै निर्धारण गर्दछ । जस्तो सामन्ती समाजमा उत्पादनको साधन (श्रमको वस्तु+श्रमको औजार) जमिन, गोरु, हलो, मल, बीउ र उत्पादन आदि माथि सामन्तको स्वामित्व हुन्छ भने पुँजीवादी समाजमा उद्योग कलकारखाना, उत्पादित माल माथि पुँजीपतिको स्वामित्व हुन्छ । उत्पादनको साधनमाथि सामुहिक स्वामित्व हुने समाज व्यवस्थालाई नै मार्क्सले समाजवाद भनेका हुन ।

**स्वामित्व (Ownership) :** कुनैपनि वस्तुमाथिको अधीन वा उपभोग र नियन्त्रणको अधिकारलाई नै स्वामित्व भनिन्छ । जुन समाजमा विद्यमान परम्परा, नियम/कानुनद्वारा तोकिएको हुन्छ ।

**उत्पादन सम्बन्ध (Production relation) :** समाजमा मानवीय आवश्यकताका उपभोग्य वस्तुहरुको उत्पान, वितरण/विनिमय र उपभोगको क्रममा मानिसहरुबीच उत्पन्न र कायम हुने आम सम्बन्धलाई नै उत्पादन सम्बन्ध भनिन्छ । जस्तो किसान र जमिन्दारबीचको सम्बन्धलाई सामन्ती उत्पादन सम्बन्ध, मजदुर र उद्योग मालिक वा पुँजीपतिबीच कायम हुने सम्बन्धलाई पुँजीवादी उत्पादन सम्बन्ध भनिन्छ ।

**उत्पादन प्रणाली (Mode of production) :** समाजमा विद्यमान उत्पादक शक्ति र उत्पादन सम्बन्धको समग्र अवस्थालाई समाजको उत्पादन प्रणाली भनिन्छ । उत्पादन प्रणालीले समाजको उत्पादक शक्ति र उत्पादन सम्बन्धको अवस्थालाई बताउँछ, जसको आधारमा त्यो समाज कस्तो खालको समाज हो भनेर बुझ्न वा पत्ता लगाउन सकिन्छ ।

**अन्तरविरोध (Contradiction) :** प्रत्येक वस्तुमा दुई भिन्न-भिन्न पक्षको विरोधाभासयुक्त उपस्थिति हुन्छ । तिनीहरुबीच जहिले पनि विपरीत गुण हुन्छ। ती विपरीत तत्वहरुबीचको टकराव नै अन्तरविरोध हो । यो द्वन्द्ववादको मुल नियम हो ।समाजमा पनि दुई भिन्न वर्गहरुबीच अन्तरविरोध हुने गर्दछ ।

**वर्ग (Class) :** मार्क्सवादमा वर्ग भनेको आर्थिक वर्ग हो । एउटै खाले आर्थिक हैसियत एवं समानखाले जीवनस्तर भएका र उस्तै प्रकृतिको उत्पादन प्रकृयामा संलग्न मानिसको समुदायलाई वर्ग भनिन्छ । जस्तै, आदिम साम्यवाद वर्गहीन समाज हो, दासयुग सँगै समाज वर्गमा प्रवेश गर्छ जहाँ दास र मालिक दुई वर्ग हुन्छन् । सामन्तवादी युगमा भूदास/किसान र जमिन्दार/सामन्त वर्ग हुन्छ, पुँजीवादमा श्रमिक/मजदुर र उद्योग मालिक/पुँजीपति वर्ग हुन्छ ।

**वर्ग स्वार्थ (Class interest) :** समाजमा आर्थिक हिसाबले मुलतः दुईवर्ग हुन्छन्, शोषक र शोषित, किसान र जमिन्दार, श्रमिक र मजदुर आदि । यी वर्गहरुको आ-

आफ्नो हित नै उनीहरुको वर्ग स्वार्थ हो । किसानले आफनो हित चाहनु उसको वर्ग स्वार्थ हो ।

**वर्ग संघर्ष (Class struggle)** :समाजमा विद्यमान आर्थिक वर्गबीच जहिलेपनि अन्तरविरोध युक्त सम्बन्ध रहन्छ । उनीहरु आफ्नो हित वा वर्ग स्वार्थ पुरा गर्ने क्रममा अर्को वर्गसँग टकराव पैदा हुन्छ र त्यो टकराव अन्ततः भौतिक वा अभौतिक युद्ध/लडाँईमा परिणत हुन्छ जसलाई वर्ग संघर्ष भनिन्छ ।

**वर्ग समन्वय (Class colaboration)** : वर्ग संघर्षमा जहिल्यै पनि बहुसंख्यामा रहेका शोषित श्रमिकहरुको जीत हुन्छ, तर कतिपय अवस्थामा शोषकसँग साँठगाँठ गरी शोषकको हितमा वर्ग संघर्षलाई मत्थर पारी मिलाउने काम हुन्छ, त्यसैलाई वर्ग समन्वय भनिन्छ । वर्ग समन्वय क्रान्ति वा वर्ग संघर्ष माथिको धोका हो ।

**सर्वहारा वर्ग (Prolatariat class)** : सर्वहारा भनेको सबै हारेको वा गुमेको मानिसहरु हो । ऊ मुलतः श्रमिक वर्ग नै हो जोसँग कुनै सम्पत्ति हुँदैन, जसले बाँच्न वा खानका लागि आफ्नो श्रम गर्नु बाहेक बाँकी केही पनि हुँदैन ।

**बुर्जुवा वर्ग (Bourgeois class)** : पुँजीवादी समाजको प्रभुत्वशाली वर्ग हो । पुँजीवादी उत्पादनका साधनमाथि यो वर्गको स्वामित्व हुन्छ जसका आधारमा उसले मजदुरको श्रमको शोषण गरी आराम र ऐसको जीवन बिताँउछ ।

**क्रान्ति (Revolution)** : क्रान्ति भनेको परिवर्तन नै हो । तर यो समाजको गुणात्मक सकारात्मक परिवर्तन हो । समाजमा सुधार भनेको मात्रात्मक परिवर्तन हो भने क्रान्ति भनेको गुणात्मक परिवर्तन हो ।क्रान्तिमा जहिल्यै पनि शोषित वर्गको जीत हुन्छ ।

**प्रतिक्रान्ति** : क्रान्तिको विरुद्धमा गरिने कार्य नै प्रतिक्रान्ति हो । जसले समाजको गुणलाई परिवर्तन हुन दिँदैन । यो शोषकले शोषित माथि गरिने दमन वा विजय हो ।

**साम्राज्यवाद (Imperialism)** : पुँजीवादी युगमा एउटा देशले अर्को देशको प्राकृतिक स्रोत वा कच्चा पदार्थमाथि कब्जा गर्न र माल बिक्रीको लागि बजार कब्जा गर्नुलाई नै साम्राज्यवाद भनिन्छ । लेनिनका अनुसार- **पुँजीवादको एकाधिकारी अवस्था नै साम्राज्यवाद हो ।**

**उपनिवेश (Colony) :** विश्वका साम्राज्यवादी देशहरुले आ-आफ्नो साम्राज्य बिस्तार गर्न अर्को देशको आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक रुपले सार्वभौम सत्तामाथि नै आधिपत्य जमाएर नियन्त्रण गरिएको अवस्थालाई उपनिवेश भनिन्छ ।

**वामपन्थ र दक्षिणपन्थ (Leftist & anti-leftist) :** वामपन्थ भनेको परिवर्तन पक्षधर हो भने दक्षिणपन्थ भनेको परिवर्तन विरोधी पक्षधर हो । सन् १७८९ को फ्रान्सेली राज्यक्रान्ति पश्चातको राज्यसभामा व्यवस्था परिवर्तन पक्षधरहरु देब्रे (left) तिर र परिवर्तन विरोधी वा यथास्थितिवादीहरु दाहिने (right or anti-left) तिर बस्ने व्यवस्था गरिएको थियो । त्यही बेला देखि देब्रेतिर बस्नेलाई वामपन्थी र दाहिनेतिर बस्नेलाई दक्षिणपन्थी भनियो । यो प्रचलन बेलायतमा पनि रहेको थियो । यसकारण कुनैपनि देश वा पार्टीमा रहेको परिवर्तन पक्षधरलाई वामपन्थी भनिन्छ,परिवर्तन विरोधी पक्षधर शक्तिलाई दक्षिणपन्थी शक्ति भनिन्छ ।

**उग्रवामपन्थ (Ultra-left)** : आवश्यकता भन्दा बढी परिवर्तनको तीव्र आकांक्षा राख्ने वा देखाउने, वास्तविक अवस्थाको मुल्याङ्कन नगरी हतारिएर क्रान्ति गर्न खोज्ने विचारलाई उग्रवामपन्थ भनिन्छ ।

**दलाल पुँजीपति (Comprador capitalist)** : विदेशी पुँजीपति वर्गसँग साँठगाँठ गरी उनीहरुको उद्योग र व्यापारलाई फाइदा पुऱ्याउने कार्य गर्ने र सो वापत कमिसनबाट नाफा कमाउने वर्ग । यो वर्गले प्रत्यक्ष उत्पादन र रोजगारी सिर्जना गर्दैन तर कमिसनबाट सम्पत्ति कमाइरहन्छ ।

**रणनीति (strategy)**: कुनै पनि काम वा क्रान्तिको सिंगो चरणभर कायम रहने कामको मुल नीतिलाई नै रणनीति भनिन्छ । क्रान्ति वा कामको चरित्र एवम् सिंगो चरणको आधारमा रणनीति तय हुन्छ । यो स्थिर प्रकृतिको हुन्छ ।

**कार्यनीति (Work plan)** : कुनैपनि काम वा क्रान्तिलाई विकास/पुरा गर्ने क्रममा तत्काल गरिने कार्यहरु सम्बन्धी नीतिलाई नै कार्यनीति भनिन्छ । रणनीतिको आधारमा कार्यनीतिहरु तय हुन्छन् भने तत्कालीन परिस्थिती

अनुसार कार्यनीतिहरु परिवर्तन हुन सक्दछ । यो रणनीतिको अंश हो ।

**कार्यदिशा (Working direction) :** कुनै पनि काम वा क्रान्ति पुरा गर्नको लागि सम्पूर्ण कामलाई कुन दिशामा केन्द्रित गर्ने भन्ने कामको बाटोलाई नै कार्यदिशा भनिन्छ । त्यहीं कार्यदिशाका आधारमा कार्य नीतिहरु निर्धारण हुने गर्दछ ।

**सामान्य शव्दार्थ :**

**सामन्त -** प्रशस्त जमिन हडपेर गरीव किसानहरूलाई शोषण गर्ने समाजका शोषक वर्ग

**जहाँनिया -** पारिवारिक घेरा भित्र रहेको ब्यवस्था ।

**अतिक्रमण -** अरूको अधिकार खोस्ने वा हडप्ने प्रयत्न ।

**स्वाधिनता -** अरूको अधिनमा नरहनु , स्वतन्त्रता, आत्मनिर्भरता

**विस्तारवाद -** शक्तिशाली राष्ट्रले छिमेकी कमजोर राष्ट्रहरू लाई हरतरहले आफ्नो अधिनमा पार्दै राज्य बढाउदै लैजाने सिद्धान्त ।

**हैकमबाद -** शक्तिशाली राष्ट्रले विश्वका कमजोर देशहरूलाई अधिनमा पार्दै संसारभरी आफ्नो राज्य फैलाउने निति ।

**शस्त्रीकरण -** जनसंहारकारी हातहतियारहरू निर्माण गर्ने तथा जम्मा गर्ने काम ।

**द्वन्द्ववाद -** संसारका हरेक कुराहरू दुई विपरित तत्वहरूवीचको एकतावाट नै बनेको हुन्छ भन्ने सिद्धान्त ।

**द्वन्द्वात्मक भौतिकवाद -** यो संसार दैवि शक्तिद्वारा निर्मित वा त्यसमा अडेको छैन बरू विपरित तत्व वीचको आकर्षण र विकर्षणकारी द्वन्द्वबाट प्राप्त गतिका आधारमा चलेको हुन्छ भन्ने सिद्धान्त ।

**ऐतिहासीक भौतिकबाद-** यो ब्रम्हाण्डको उत्पत्ति बैज्ञानिक विकासवादी सिद्धान्तमा आधारीत विकास हो र इतिहास पनि राजा महाराजाहरूको लडाईबाट निर्माण भएको नभई समाज विकासका क्रममा विभिन्न पाँच युगका विशेषता अनुरूप दुई विपरीत वर्गहरू (धनी र गरीव-वीचको संर्घषबाट निर्माण भएको हो भन्ने सिद्धान्त ।

**देशभक्त -** आफ्नो देशलाई माया गर्ने ब्यक्ति

**प्रगतिशिल-** चलन चल्तीमा रहेको चालचालन रीति स्थिति तथा शासन ब्यबस्थाबाट मात्र सन्तुष्ट नभई

मानव हितका खातिर सधै नयाँ नयाँ कुराहरूको खोजि गर्ने वा परिवर्तन चाहने विचार ।

**जनवादी-** ब्यक्तिको स्वार्थमा आधारीत नभई जनता अथवा सामुहिकतामा आधारीत विचार तथा ब्यवहारीक संरचना वा सिद्धान्त ।

**यथास्थितिबादी-** वर्तमान चालू समाज ब्यवस्थालाई यथावत राख्नखोज्ने वा प्रगति हुन नदिने सोचाइ भएको ।

**विखण्डनकारी -** टुटाउन फुटाउन चाहने वा शक्तिलाई फुटाएर कमजोर पार्न सक्रिय रहने ब्यक्ति ।

**लोकतन्त्र-** राजसत्ता सचांलन गर्ने मामलामा जनतालाई शक्तिशाली वनाउने राजनितिक प्रणाली ।

**जनाधिकार -** कसैको दयाबाट नभई नैसर्गिक तथा सार्वधौमिक रूपमा जनताले पाउनु पर्ने अधिकार ।

**श्रमजीवि-** आफ्नो जीविका आफ्नै श्रममा आधारीत भई जीवन धान्ने जनताको पंक्ति वा पिडित वर्ग ।

**सर्वहारा -** सबैकुरा गुमेर केही नभएको विपन्न वर्ग ।

**मजदुर -** पुँजीपतिको उद्योग, कलकारखानामा शारीरिक श्रम गरी ज्यालाद्धारा जीवन निर्वाह गर्ने ।

**शैक्षिक जागरण -** शिक्षाको माध्यमबाट समाजमा चेतना फैलाउने काम ।

**उदारवादी पुँजीवाद -** सबै उद्योगधन्दा राज्यको नभई ब्यक्तिको अधिनमा हुनुपर्छ र मुनाफा पनि सोही ब्यक्तिले लिनु पर्छ भन्ने सिद्धान्त ।

**अखण्ड -** खण्डित नभएको वा टुक्रा नपारिएको ।

**अक्षुण्ण-** निरन्तर प्रवाहित वा कहिले नटुक्रिएको ।

**अर्धसामन्ती-** सामन्ती ब्यवस्था पूरा नहटीसकेको तर पुँजीवादी संरचनाका अंशहरू जस्तै उद्योगधन्दा, कलकारखाना आदिको पनि विकास भइरहेको आर्थिक अवस्था ।

**अर्ध औपनिवेशिक-** शोषणको आधार नव औपनिवेशिक रहेको अथवा हेर्दा स्वतन्त्र राज्य जस्तो देखिए पनि अप्रत्यक्ष रूपमा साम्राज्यवादीहरूको दवावमा परि उनिहरूकै सेवा गरिरहेको सामाजिक वा राज्य प्रणाली ।

**समावेशीकरण -** राज्यको मूल प्रवाहबाट टाढा पारिएका सिमान्तकृत वर्ग तथा समुदायहरू-जातीय, लैङ्गिक एवं क्षेत्रीय आधारमा पिछडिएका जनसमुदायलाई समाज र राज्यको हरेक अङ्गहरूमा समावेश गराउदै लैजाने अवधारणा ।

## केपी ओली नेतृत्वको नौ महिने सरकारका महत्वपूर्ण उपलब्धीहरु

- मित्र राष्ट्र चीनसँग पारवहन र यातायात सम्झौता गरेर एकपक्षीय परनिर्भरतामा रहेको नेपालको भूराजनीतिलाई अनुकूलतामा रूपान्तरित गर्न र नेपाललाई एक देश-वेष्ठित जस्तो अवस्थाबाट मुक्त गर्न सरकारले ऐतिहासिक योगदान गरेको छ ।
- चीनसँग भएका रेलवे र यातायात- सञ्चार सम्पर्क (कनेक्टिभिटी) सँग सम्बन्धित सम्झौताहरू दीर्घकालीन महत्वका छन् र यिनल नेपाललाई इतिहासको एउटा कालखण्डबाट सम्भावनाको अर्को युगमा प्रवेश गराएका छन् ।
- तत्कालीन सरकारले सार्वभौमिक समानतामाथि आधारित नेपालको नयाँ अन्तर्राष्ट्रिय सम्बन्धलाई अगाडि बढाउन ठूलो योगदान गरेको छ ।
- तराई मधेसमा उत्पन्न समस्या, अराजकता र अशान्तिलाई साम्य पार्नु र संविधानको विपक्षमा रहेका दलहरूलाई संविधानको प्रक्रियामा सहभागी बनाउन सक्नु तत्कालीन सरकारको महत्वपूर्ण उपलव्धि हो ।
- पुनर्निर्माण प्राधीकरण विधये क पारित गर्दै प्राधीकरण गठन गर्नु पूर्व ती सरकारले दातृ

निकायहरूसँग गरेका लिखित सम्झौताहरूका कारण अनुदान वितरण र पुननिर्मार्णको काममा उत्पन्न कतिपय अप्ठ्यारालाई सामना गर्दै अति प्रभावित ११ जिल्लामा विस्तृत घरधुरी सर्वेक्षणको काम सम्पन्न गर्नु उपत्यकामा यो काम तीव्र गतिमा अगाडि बढाउनु, आधा भन्दा बढी पीडितहरूसँग अनुदान सम्झौतामा हस्ताक्षर हुनु, पाँच बर्षे पुनर्निमाण कार्य योजना पारित गर्नु र पुनर्निर्माणलाई सघाउन इञ्जिनियर र सिकर्मी डकर्मीहरू जस्ता जनशक्तिलाई प्रशिक्षित गरी काममा खटाउने काम सम्पन्न भएको छ ।

- संविधानले व्यवस्था गरे अनुरूप राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख लगायत निकायहरूको निर्वाचन, लामो समयदेखि रिक्त रहेका सर्वोच्च अदालतका प्रधान न्यायाधीश र न्यायाधीशहरू एवं प्रमखु निर्वाचन आयुक्तको नियुक्ति, रिक्त राजदूतहरूको नियुक्ति र सुनुवाइ, संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने विभिन्न कानुनहरूको निर्माण र संशोधनमा तीव्रता, स्थानीय तहको पुर्नसंरचनाका लागि संविधानको व्यवस्था बमोजिम आयोग गठन र २०७४ माघभित्र तीनवटै तहको निर्वाचन सम्पन्न गरेर संविधानको प्रभावकारी कार्यान्वयन गर्ने गरी कार्ययोजना पारित

गरेर संसदमा प्रस्तुत गर्ने जस्ता कामहरू सम्पन्न भएका छन् । राष्ट्रिय सुरक्षा नीति जस्ता महत्वपूर्ण नीतिहरू पारित गरिएका छन् ।

**लोकप्रिय बजेट एवम् नीति तथा कार्यक्रम**

- सरकारले प्रस्तुत गरेको आ.ब. २०७३/७४ को नीति कार्यक्रम र बजटेले आर्थिक समृद्धि हासिल गर्ने आधारशीला निर्माण गर्न भूमिका खेलका छन् । बजेटले आर्थिक आत्मनिर्भरताको जग खडा गर्दै नेपाललाई हामी स्वयं बनाउन सक्छौं भन्ने भरपर्दो विश्वास स्थापित गरेको छ ।
- काठमाडौं-तराई द्रुत मार्ग स्वदेशी स्रोतमै निर्माण गर्ने, दुई बर्षभित्र विद्युत र आधारभूत कृषि उत्पादनमा आत्मनिर्भर हुने, परनिर्भरता र एकपक्षीय निर्भरतालाई अन्त्य गर्न दुबै छिमेकीसँग पारवहन सुविधा, यातायात- सञ्चार सम्पर्क (कनेक्टिभिटी) र पूर्वाधार निर्माण गर्ने, स्वदेशमै पेट्रोलियम पदार्थको अन्वेषण गर्ने, हरेक नेपालीको सहभागितामा केही नमूना जलविद्युत आयोजनाहरू निर्माण गर्ने जस्ता कार्यक्रम यही दिशामा उन्मखु छन् ।
- सामाजिक सुरक्षा नीति कार्यक्रम र बजेटको मूल मर्म हो । जेष्ठ नागरिक लगायतले पाउँदै आएको

सामाजिक सुरक्षा भत्तालाई दोब्बर वृद्धि गर्नुको अलावा बजेटले स्वास्थ्य बिमा, योगदानमा आधारित सामाजिक सुरक्षा, दलित र सीमान्तकृत समुदायका बालबालिकालाई निशुल्क उच्च शिक्षा लगायत लोककल्याणकारी कार्यक्रमहरू अगाडि सारेको छ ।

- इतिहासमै पहिलो पल्ट तराई-मधेस केन्द्रित गरेर उत्पीडित समुदायको हित र आर्थिक विकासका निकै महत्वपूर्ण योजनाहरू अगाडि सारिएका छन् ।
- दस बर्ष अगाडि विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएर पनि निष्कर्षमा पुग्न नसकेको सङ्क्रमणकालीन न्यायको बिषय टुङ्ग्याउन त्यस अवधिमा महत्वपूर्ण काम गरिएका छन् । सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहरूसम्बन्धी आयोगका नियमावली पारित गरेर, जनशक्ति र साधनस्रोत उपलव्ध गराएर आयोगहरूलाई क्रियाशील तुल्याइएको छ भने कतिपय ऐनमा आवश्यक संशोधन प्रक्रिया अगाडि बढाउने, यातना सम्बन्धी विधेयकलाई संसदमा प्रस्तुत गर्ने, वेपत्ता सम्बन्धी विधेयकको मस्यौदा तयार गर्ने र अन्तर्राष्ट्रिय समुदाय लगायत सरोकारवाला पक्षहरूसँग समन्वय र परामर्श गरेर काम अगाडि बढाइएको छ ।

- आम जनतामा र खासगरी युवा पुस्तामा हाम्रो नेपाल, अझै राम्रो नेपाल सम्भव छ र यो काम हामी आफै गर्न सक्छौं भन्ने नयाँ विश्वास जागृत भएको छ ।

## महत्वपूर्ण उद्‌गारहरू

"कुरा जस्तो काम गर, काम जस्तो कुरा" - **शेक्सपियर**

"हाम्रो भगवान् नवोल्ने ढुङ्गाका देवता होइनन्, जनता हुन् ।" - **जननेता मदन भण्डारी**

"क्रान्ति सानो चीज होइन तर साना चिजबाट निस्कन्छ ।"- **अरस्तु**

"ब्यालेट बुलेटभन्दा शक्तिशाली हुन्छ" - **लिङ्कन**

"पार्टी भित्रको गुटबन्दी सबैभन्दा ठूलो अपराध हो ।" **- पुष्पलाल श्रेष्ठ**

"नेताभन्दा नीति प्रधान हुन्छ " - **पुष्पलाल श्रेष्ठ**

"मलाई ठूलो होईन, एक असल मानिस भनिदिए पुग्छ ।" - **मनमोहन अधिकारी**

"त्यो मानिस मानिस होइन, जसले गल्ती गर्दैन, त्यो मानिस झन मानिस होइन जसले गल्ती महसुस गरेर केही सच्चाउँदैन ।" - **लेनिन**

"म पराजित भएर घर फर्कन्न, बरू पराजयभन्दा मेरो लागि मृत्यु स्वीकार्य छ।" - **चेग्वेभारा**

**कुनै पनि कमिटीले प्रशिक्षण कार्यक्रम आयोजना गर्दा ध्यानदिनु पर्ने विषयहरु।**

१. विद्यार्थी आन्दोलनको इतिहास र अनेरास्ववियु को भुमिका
२. नेपालमा शिक्षाको विकास, जनवादि शिक्षा र वर्तमान शैक्षिक अवस्था
३. मार्क्सवादी सिद्धान्त
४. नेपालको कम्युनिष्ट आन्दोलनको इतिहास
५. जनताको बहुदलिय जनवाद
६. अन्तराष्टिय समाजवादि आन्दोलन र विश्व इतिहास
७. संगठन निर्माण तथा परिचालन
८. अनेरास्ववियु र अन्य विद्यार्थी संगठन बिचको भिन्नता
९. राजनीतिमा महिला सहभागिता अवसर र चुनौंति
१०. आर्थिक विकास र समृद्धिको बाटो
११. आर्थिक पारदर्शिता, अनुशासन र आर्थिक उपार्जन

# राष्ट्रिय गीत

सयौं थुंगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली
प्रकृतिका कोटी कोटी सम्पदाको आँचल
वीरहरूको रगतले, स्वतन्त्र र अटल
ज्ञानभूमि, शान्तिभूमि तराइ, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाति, भाषा धर्म संस्कृति छ विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

# अनेरास्ववियुको गीत

बिहानीको घामजस्तै रातो, लेकाली गुराँस जस्तै रातो
अनेरास्ववियुको भण्डा हो यो, रगतले रंगिएको रातो ॥ २
संर्घषमै जन्म्यो हुर्क्यो, संर्घषमै बढ्यो
देश र जनताको निम्ति यसले सधैँ लड्यो ।
रगतले रङ्ग्याउदै न्याय निम्ति माटो
देखाइरहन्छ यसले सधै, मुक्तिको नै बाटो ।। २
मेचीदेखि कालीसम्म एकताको लागि
प्रगतिशील देशभक्त सबै जनवादी
विद्यार्थीलाई भन्छ यसले जुटौं एकैसाथ
अघि-अघि लम्किएर, उठाऔँ देशको माथ
अमेरिकी महाशक्ति विश्व खाँउ भन्छ
विश्व जनता चैं छिट्टै क्रान्ति ल्याउ भन्छन्
अमेरिकी साम्राज्यवाद युद्ध चर्काउछ
जनताको हुँकारले विश्व थर्काउछ ।।२
पसिना र रगतले यो देश बनाई छाड्छौं
सामन्त र बिस्तारवादलाई खेदिकन छाड्छौं
प्राणभन्दा प्यारो यो देश छुन हामी दिन्नौं
हजार जीवन जाउन अरू तर भूमि दिन्नौं ।
भारतीय बिस्तारवादको नेपाल खाने दाउ
त्यो दाउलाई उल्ट्याईदिन जुटौं सबै जाऔं
उम्लिएको रगत बोकी प्रण हामी गर्छौं
मर्नै परोस् तर, यो देश बनाइकन छाड्छौं ॥